जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २२६ • २०८२ साल पुस ३० गते बुधबार (14 January, Wednesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

ANJANI SUITE
सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा

## पूर्वराजादेखि बालेनसम्मको सवारी

# आसन्न निर्वाचनसंगै मधेशी 'सेन्टिमेन्ट' जित्ने प्रयास





**टुडे समाचारदाता**

जनकपुरधाम । आसन्न निर्वाचन नजिकिँदै जाँदा पूर्वराजादेखि राजनीतिक दलका नेताहरुको सक्रियता जनकपुरधाममा बाक्लिने भएको छ ।

यही सातामै हिमानी शाह जनकपुरधाम आउने सम्भावना रहेको उच्च स्रोतले जनाएको छ । पूर्वराजा ज्ञानेन्द्र शाहको आगमनको पूर्वसन्ध्यामा व्यवस्थापन पक्षको अवलोकनसहितको आन्तरिक कार्यक्रममा सहभागी हुनका लागि हिमानी शाह केही दिनमै आउने जनाइएको छ । तर पूर्वराजा ज्ञानेन्द्र शाहको आउने मिति टुंगो हुन अझै केही समय लाग्ने भएको उच्च स्रोतले जनाएको छ ।

यता पूर्वराजा आउने छलफल चलिरहेकै बेला राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछाने र काठमाण्डु महानगरपालिकाका मेयर बालेन्द्र साह उर्फ बालेन पनि जनकपुरधाम आउने टुंगो लागेको छ । बालेन साह भने रास्वपाका वरिष्ठ उपाध्यक्ष हुन् ।

जेन- जी आन्दोलनपछि हौँसिएका स्वतन्त्र रुपमा निर्वाचित भएका मेयर बालेनले आगामी फागुन २१ गते हुन लागेका निर्वाचनमा प्रतिनिधिसभा सदस्यका उम्मेदवारी दिने भएपछि उनी रास्वपा प्रवेश गरेर निर्वाचनको प्रचारप्रसारमा खटिएका छन् ।

यसका लागि उनले मधेश प्रदेशको राजधानी जनकपुरधामबाट चुनावी यात्रालाई प्रारम्भ गर्ने भएका छन् ।

महोत्तरीको एकडारा निवासी बालेनको घर रहे पनि उनको जन्म र कर्मथलो भने काठमाण्डु नै हो । काठमाण्डु मेयर बालेन साहले मधेशी भएकै कारण बागमती नदी छेउछाउमा सुकुम्बासी घर बनाएर बसोबास गरिरहेका र कवाडको व्यवसाय गरिरहेका आम मधेशीको झुपडी, टहरादेखि कवाडखानासमेतमा अतिक्रमणमुक्त अभियानको नाममा बेसहारा र बेरोजगार बनाइ विचल्लीमा पारेका थिए । उक्त घटनापछि अधिकांश आम मधेशी उनको क्रूर व्यवहारबाट विरत्तिएका छन् ।

मेयर बालेन साह निर्वाचनको प्रचारप्रसारमा होमिनु अघि नै मेयर पदबाट राजनीनामा दिने भएका छन् ।

राजीनामा दिएकै अर्को दिन उनी जनकपुरधाममा सभापति लामिछानेसंगै भाषणबाट मधेश र मधेशीको मन जित्ने कार्यक्रम रहेको जनाइएको छ ।

रास्वपाले जनाए अनुसार आगामी माघ ४ गते साहले काठमाण्डु महानगरपालिकाको मेयर पदबाट औपचारिक रूपमा राजीनामा दिने तयारी गरेका छन् । सोही दिन उनी काठमाडुस्थित रास्वपाको केन्द्रीय कार्यालयमा समेत प्रवेश गर्नेछन् ।

त्यसपछि उनी रास्वपाको निर्वाचन प्रचारप्रसार अभियानसंगै निर्वाचन क्षेत्रको खोजीमा समेत लाग्नेछन् ।

०७९ को निर्वाचनमा मधेश प्रदेशमा रास्वपाको उपस्थिति निकै कमजोर छ । तर यसपटक भने समीकरण बदलिएको छ । जेन- जी आन्दोलनपछि नयाँ भनिएका दलहरु हौँसिएसंगै युवामा महत्वकांक्षा बढेको छ । जस अनुसार यसपटक अधिंकाश निर्वाचन क्षेत्रमा युवाले उम्मेदवारी दिने छन् ।

त्यही रणनीतिको पहिलो प्रयोगस्वरूप माघ ५ गते जनकपुरधाममा चुनावी सभाको आयोजना गरिने कार्यक्रम रहेको जनाइएको छ । उक्त सभामा साह र लामिछानेले पहिलोपटक एउटै मञ्चबाट संयुक्त रूपमा चुनावी अभियान थाल्ने छन् ।

संघीयता विरोधीको रुपमा स्पष्ट पहिचान बनाएको रास्वपाका सभापति लामिछाने, नवनियुक्त वरिष्ठ उपाध्यक्ष बालेन साहमाथि पटकपटक राजाका नजिक रहेको भन्दै उनी निकटका व्यक्तिहरुले आरोप लगाउने गरेका छन् ।

यसअघि उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङ्गको रास्वपा प्रवेशले संघीयता र पहिचानलाई आत्मसात गर्ने आँट गरे पनि उनी बाहिरिएसंगै उक्त मुद्दा ओझेलमा परेको छ । मधेशको सवालमा पनि रास्वपाका नेताहरुले नकारात्मक टिकाटिप्पणीका कारण मधेश प्रदेशमा भने रास्वपालाई पहाडीया पार्टीको रुपमा आफ्नो पहिचान बनाएको बताइने गरिन्छ ।

स्थानीय तहको निर्वाचनपछि रास्वपाले प्रतिनिधिसभाको निर्वाचनमा सामेल भए पनि प्रादेशिक संरचनालाई बेवास्ता गर्दै विरोध गरेपछि संघीयताको उर्वरभूमि मधेशले त्यतिबेला रास्वपालाई सहजै स्वीकार्ने अहिलेसम्मको अवस्था नदेखिएको स्थानीय राजेन्द्र कुमार यादव बताउँछन् ।

नेपाली राजनीतिमा परम्परागत दलहरूको अकर्मण्यता, लोडसेडिङ र भ्रष्टाचारबाट वाक्क भएका जनताका लागि लामिछाने, बालेन, र कुलमान एउटा 'आशाको दियो' को रुपमा उदाए । तर यी तीनैजना नेतृत्वको छविमा लागेका गम्भीर दागहरूले सो आशा तुहिएको छ ।

सहकारी ठगी प्रकरण र नागरिकता/राहदानी विवादमा सभापति लामिछानेको संलग्नतालाई केवल 'राजनीतिक प्रतिशोध' भनेर पञ्छाइनु भ्रमपूर्ण चरित्र उदांगिएको छ ।

सभापति लामिछाने हाल विभिन्न कानुनी र नैतिक प्रश्नहरूको घेरामा रहेको बेला उनी निर्वाचन प्रचारप्रसारमा कम्मर कसेर निस्कने भएका छन् । जेन- जी विद्रोहको अन्तर्यमा लुकेको विध्वंस र भूराजनीतिक षड्यन्त्रको दाउपेचभित्र बालेन साहको भूमिकामाथि पनि प्रश्नचिन्ह खडा छ । तर यी सबै प्रश्न अनुत्तरित रहेकै बेला हुन लागेको सभापति लामिछाने र वरिष्ठ उपसभापति साहको निर्वाचन प्रचारप्रसार अभियानको क्रममा आममधेशीले उत्तरसमेत खोजी रहेको जनकपुरधामका शम्भु साहले बताए ।

निर्वाचन नजिकिँदै जाँदा मधेश केन्द्रित हुन लागेको पूर्वराजादेखि लामिछाने र साहको भ्रमण निकै अर्थपूर्ण रुपमा हेरिएको स्थानीय बुद्धिजीविहरु बताउन थालेका छन् ।




शहिदनगर नगरपालिका
यदुकुहा, धनुषा, मधेश प्रदेश


## आज सुरक्षा सम्बन्धी बैठक



**टुडे समाचारदाता**

जनकपुरधाम । सुरक्षा सम्बन्धी बैठकका लागि गृहमन्त्री ओमप्रकाश अर्याल जनकपुरधाम पुगेका छन् ।

जनकपुरधाममा आयोजना हुने मधेस प्रदेश स्तरीय सुरक्षा गोष्ठीमा सहभागी हुने गृहमन्त्री अर्याल, गृहसचिव राजकुमार श्रेष्ठ र सुरक्षा निकायका उच्च अधिकारीसहितको सुरक्षा टोली जनकपुरधाम आएको हो ।

गृहमन्त्री र गृहसचिवलाई स्वागत गर्न प्रमुख जिल्ला अधिकरी प्रेमप्रसाद लुइटेल र सुरक्षा निकायका प्रतिनिधिहरु जनकपुरधामस्थित विमान स्थल पुगेका थिए । बुधवारदेखि हुने सो गोष्ठीमा आगामी निर्वाचनको सुरक्षा व्यवस्था, अन्तरनिकाय समन्वय र सम्भावित चुनौतीबारे छलफल हुने प्रशासन श्रोतले जनाइएको छ ।





SAROVAR PORTICO
birgunj
A SAROVAR HOTEL
Affordable Rooms for Every Traveller.
Spacious Rooms, Modern Comforts, and Personalized Service Await You!
Book Your Stay Today and Experience Unparalleled Comfort!
+977 980-2593640, 980-2593635
SAROVAR PORTICO, SKYLINE MALL, ADARSHNAGAR-10, BIRGUNJ NEPAL

# आजपा र जन अधिकार पार्टीबीच एकीकरण

**टुडे समाचारदाता**

रौतहट । आम जनता पार्टी (आजपा) र जन अधिकार पार्टी नेपालबीच पार्टी एकीकरण भएको छ। दुबै पार्टीबीच आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा आजपाको चुनाव चिन्ह 'मोबाइल' बाट संयुक्त रूपमा प्रतिस्पर्धा गर्ने सहमति भएको हो ।

मंगलवार वीरगञ्जमा आयोजित कार्यक्रममा आजपाका अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साह र जन अधिकार पार्टी नेपालका अध्यक्ष इमदाद गद्दीले एकीकरणसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । सहमति अनुसार जन अधिकार पार्टी नेपालको सम्पूर्ण समिति आजपामा समाहित हुनेछ ।

'आम जनता पार्टी र जन अधिकार पार्टी नेपालबीच एकता सहित मोबाइल छापबाट निर्वाचन लड्ने सहमति भएको छ,' सहमतिपत्रमा उल्लेख गरिएको छ।

पर्सा जिल्लाका स्थायी बासिन्दा इमदाद गद्दी नेतृत्वको जन अधिकार पार्टी नेपालले आसन्न प्रतिनिधिसभा निर्वाचनमा आजपाको चुनाव चिन्ह ' मोबाइल' प्रयोग गर्दै चुनावी प्रतिस्पर्धामा उत्रिने आजपाले जनाएको छ।

यसअघि पनि आजपाले जनादेश पार्टी, लघुवित्त पीडित संघर्ष समिति तथा सहकारी पीडितका लागि संघर्षरत विभिन्न समूहहरूसँग चुनावी सहमति तथा गठबन्धन गरिसकेको छ । आजपाले समानुपातिकतर्फको बन्दसूची बुझाइसकेको र १६५ वटै निर्वाचन क्षेत्रमा आफ्ना उम्मेदवार प्रतिस्पर्धामा उतार्ने तयारी गरेको जनाएको छ।

# 'निर्वाचनमार्फत मात्र देशलाई सही दिशामा लैजान सकिन्छ'

काठमाण्डु । पूर्वसांसद तथा नेताहरूले जनमुखी राजनीति, जवाफदेही नेतृत्व र समयमै निर्वाचनमार्फत मात्र देशलाई सही दिशामा लैजान सकिने बताएका छन ।

पूर्वसांसद मञ्च, नेपालद्वारा मंगलबार आयोजित 'नेपालको वर्तमान परिस्थितिको समीक्षा र हाम्रो दायित्व' विषयक अन्तर्क्रियामा सहभागी पूर्वसांसद तथा नेताहरूले देशको विद्यमान राजनीतिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै जुनसुकै सर्तमा पनि तत्काल निर्वाचन हुनुपर्नेमा जोड दिनुभएको हो ।

नेपाली कम्युनिष्ट पार्टीका नेता लिलामणि पोखरेलले पछिल्लो राजनीतिक परिस्थितिमा देशलाई अघि बढाउने तत्कालको आधार निर्वाचन नै भएको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "अहिलेको राजनीतिक जटिलतालाई चिर्ने एकमात्र उपाय निर्वाचन हो ।रासस

# मुख्यमन्त्रीको अभिव्यक्तिमा अभियानको आपति



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्ण प्रसाद यादवले चुरे क्षेत्रबाट गिट्टी, बालुवा र ढुंगा उत्खनन गरी भारत निर्यात खुला गर्नुपर्ने दिएको अभिव्यक्तिप्रति चुरे तथा वनजंगल संरक्षण अभियान नेपालले आपत्ति जनाएको छ।

अभियानले मुख्यमन्त्रीको उक्त अभिव्यक्तिलाई गैरजिम्मेवार, विनाशकारी र चुरे विनाशलाई वैधानिकता दिने खालको भन्दै तुरुन्त सार्वजनिक रूपमा फिर्ता लिन माग गरेको हो ।

महोत्तरीको बर्दिबासमा आयोजित चुरे संरक्षणसम्बन्धी कार्यक्रममा 'मधेशको लाइफलाइन मानिने चुरेबाट गिट्टी, बालुवा र ढुंगा भारत निर्यात खुला गरिनुपर्छ, त्यसबाट आएको राजस्वले चुरे संरक्षण गर्न सकिन्छ' भन्ने अभिव्यक्ति मुख्यमन्त्रीले दिएका थिए ।

एक प्रेस विज्ञप्ति जारी गरी अभियानले मुख्यमन्त्री जस्ता व्यक्तिको यस्तो सोचले तराई-मधेश मात्र नभई सम्पूर्ण देशलाई गम्भीर संकटतर्फ धकेलिने दाबी गरेको छ। चुरे क्षेत्रलाई मधेशको जीवनरेखा भन्दै यही क्षेत्रले तराई मधेशका नदी, खोला, भू-जल, खेती, बस्ती र मानव जीवन जोगाइरहेको उल्लेख गरेको छ।

अभियानले मुख्यमन्त्रीको अभिव्यक्तिले चुरे क्षेत्रमा अवैध उत्खननलाई प्रोत्साहन गर्ने, वन विनाशकारी माफियाको मनोबल बढाउने र तराई मधेशलाई सुख्खा, बाढी, भू-जल संकट तथा मरुभूमिकरणतर्फ लैजाने खतरा बढाउने दाबी गरेको छ।

अभियानले मधेश प्रदेश सरकारसँग मुख्यमन्त्रीको अभिव्यक्ति तुरुन्त फिर्ता लिनुका साथै चुरे क्षेत्रबाट गिट्टी, बालुवा र ढुंगा उत्खनन तथा भारत निर्यात पूर्ण रूपमा रोक्ने स्पष्ट नीति सार्वजनिक गर्न माग गरेको छ। साथै, चुरे विनाशमा संलग्न माफिया, अवैध क्रसर उद्योग र संरक्षण दिने राजनीतिक तथा प्रशासनिक गिरोहविरुद्ध कडा कारबाही गर्नुपर्ने माग पनि गरिएको छ।

माग पूरा नभएमा चुरे तथा वनजंगल संरक्षणका पक्षधर नागरिकहरू शान्तिपूर्ण तर निर्णायक जनआन्दोलन गर्न बाध्य हुने चेतावनी दिँदै त्यसको सम्पूर्ण जिम्मेवारी सरकार स्वयंले लिनुपर्ने अभियानले जनाएको छ।

# उच्च क्षमताको प्रसारण लाइन निर्माण हुने

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले ओखरपौवा तीनपिप्ले खण्डमा उच्च क्षमताको प्रसारण लाइन निर्माण गर्ने भएको छ। कूल २२० केभी क्षमताको प्रसारण लाइन निर्माणका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको तयारी गरेको छ ।

प्राधिकरणको स्वामित्वमा रहेको त्रिशूली थ्री बी हब मातातीर्थ प्रसारण लाइन आयोजनाको टावर नम्बर ३७ बाट ट्यापिङ गरी नयाँ प्रसारण लाइन निर्माण गर्न लागेको छ। सो प्रसारण लाइन काठमाडौंको तीनपिप्लेमा जोडिनेछ। तीनपिप्लेमा प्राधिकरणले सबस्टेशन निर्माण गरिरहेको छ। सो प्रसारण लाइन धादिङको धुनीबेँसी, नुवाकोटको ककनी र काठमाडौंको तारकेश्वरको तिनपिप्लेसम्म निर्माण हुने हुनेछ।

सो प्रसारण लाइन र सबस्टेशन आयोजना कार्यान्वयन गर्दा आयोजना प्रभावित क्षेत्रको भौतिक तथा रासायनिक वातावरणीय, सामाजिक आर्थिक तथा सांस्कृतिक वातावरणमा क-कस्तो प्रभाव पर्दछ भनी अध्ययन गर्न लागिएको प्राधिकरणले जनाएको छ। प्रारम्भिक अध्ययन भइसकेको वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदाका आधारमा सरोकारवालाको आवश्यक सुझावका आधारमा थप समृद्ध बनाउन लागिएको हो ।

प्राधिकरणले मंगलबार धुनीबेँसी नगरपालिका-१ सिम्खडा गाउँमा सार्वजनिक सुनुवाइ गर्ने कार्यक्रम तय गरेको छ। सोमबार तारकेश्वर नगरपालिकाको कोट गाउँमा सार्वजनिक सुनुवाइ सम्पन्न गरिएको प्राधिकरणले जनाएको छ। सार्वजनिक सुनुवाइका क्रममा उठेका विषयवस्तुलाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गरिने प्राधिकरणको प्रष्टोक्ति छ ।रासस

# तत्कालीन सब इन्जिनीयर दोषी ठहर

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठीकोईलाडीगाउँपालिकाका तत्कालीन सब-इन्जिनियर दिपेन्द्र कुमार झालाई नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरी नियुक्ति लिएको भनी विशेष अदालतले दोषी ठहर गरेको छ।

विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यद्वय उमेश कोइराला र विदुर कोइरालाको इजलासले मंगलबार झाविरुद्धको भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्ने फैसला सुनाएको हो।

अदालतका सूचना अधिकारी यज्ञराज रेग्मीका अनुसार झाले सब-इन्जिनियर पदमा करार नियुक्ति लिनका लागि नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेका थिए।

अदालतको फैसलाअनुसार झाले डिप्लोमा इन सिभिल इन्जिनियरिङकोएकेडेमिकट्रान्सक्रिप्ट त्रिभुवन विश्वविद्यालयअन्तर्गत वेस्टर्न रिजन क्याम्पस, पोखराबाट उत्तीर्ण गरेको भनी चारित्रिक प्रमाणपत्रसहित नक्कली कागजात पेश गरी नियुक्ति लिएको पुष्टि भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छानबिनमा शैक्षिक प्रमाणपत्र नक्कली रहेको देखिएपछि गत असार ३ गते विशेष अदालतमा झाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता गरिएको थियो। मुद्दाको सुनुवाइपछि अदालतले नक्कली प्रमाणपत्र प्रयोग गरी सार्वजनिक पदमा नियुक्ति लिएको ठहर गर्दै दोषी ठहर गरेको हो।

यस फैसलासँगै सार्वजनिक निकायमा नियुक्तिका क्रममा शैक्षिक योग्यताको सत्यापनलाई थप कडाइका साथ अघि बढाउनुपर्ने आवश्यकता औंल्याइएको छ।

# करदाता सेवा कोलनिकाबाटै

**टुडे समाचारदाता**

रौतहट। करदाता सेवा कार्यालय रौतहटले प्रदान गर्दै आएका सम्पूर्ण सेवा अब रौतहटको सदरमुकाम गौरस्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाटै उपलब्ध हुने भएको छ।

कार्यालयले पान नम्बरसम्बन्धी सेवा औपचारिक रूपमा सुरु गरिसकेको जनाएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख देवी गौतमका अनुसार यसअघि करदाता सेवा कार्यालयबाट हुँदै आएका सबै काम अब कोलेनिका मार्फत सञ्चालन हुनेछन् ।




पान नम्बर बनाउने, पानलाई स्तरवृद्धि गरी भ्याटमा रूपान्तरण गर्ने लगायतका सेवा कोलेनिकाबाटै प्रदान गरिनेछ । कोलेनिकाबाट पहिलो पटक पान नम्बर लिने सेवाग्राही परोहा नगरपालिका वडा नम्बर ३ तेजापकड निवासी गजेन्द्र प्रसाद कुशवाहा रहेका छन्। उनलाई कोलेनिका कर्मचारी धमेन्द्र यादवले हस्ताक्षर गरी पान नम्बर प्रदान गरेका थिए।

पान नम्बर वितरण कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय रौतहटका प्रमुख देवी गौतम, करदाता कार्यालयका निमित्त कर अधिकृत रिमताल आचार्य, देवेन्द्र प्रसाद अधिकारी (देवी) तथा करदाता कार्यालयका कर्मचारी प्रमोद कुमार सिंहको उपस्थिति रहेको थियो।

# 'कमजारी सुधार गर्दै देशको समृद्धिका लागि एकाकार हुनुपर्छ'



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ' प्रचण्ड' ले मुख्य राजनीतिक दलहरूले आफ्ना कमीकमजारी सुधार गर्दै देशको समृद्धिका लागि एकाकार भएर लाग्नुपर्ने बताउनुभएको छ।

पार्टी कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित केन्द्रीय सदस्यको शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै उहाँले राष्ट्रलाई थप एकताबद्ध, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नका लागि नयाँ सङ्कल्पसहित पहलकदमी लिनुपर्ने आवश्यकता औंल्याउनुभयो। संयोजक दाहालले सबै प्रमुख राजनीतिक दलहरूले आत्मसमीक्षा गरेर विगतमा आफ्ना कमजोरीको मूल्याङ्कन गर्न जरुरी रहेकामा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "सबै ठिकै चलिरहेको छ भन्नेगरी परम्परागत तरिकाले मात्रै देशमा उत्पन्न परिस्थितिको सामना गर्न सकिँदैन । राष्ट्र जुन असाधारण सङ्कटको अवस्थाबाट गुज्रेको छ, यसलाई थप एकताबद्ध, राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नका लागि नितान्त नयाँ सङ्कल्पसहित पहलकदमी लिन जरूरी छ भन्ने निष्कर्षका साथ हामीले पार्टी एकता प्रक्रियालाई अगाडि बढाएका छौं ।"

संयोजक दाहालले देशमा उत्पन्न असाधारण परिस्थितिको सामना गर्नका लागि नेपालको इतिहासमा पहिलोपटक एकैसाथ २० वटा कम्युनिष्ट र समाजवादी घटकलाई एकताबद्ध गर्न सफल भइएको उल्लेख गर्नुभयो।

"पार्टी एकताको प्रक्रिया दिनप्रतिदिन झन शक्तिका साथ अगाडि बढिरहेको छ । खाली घटक सङ्गठन मात्रै होइन देशलाई माया गर्ने थुप्रै व्यक्ति व्यक्तित्वहरू पनि जोडिरहेका छन् । अब एकताको उद्देश्य र जेनजी पुस्ताले अगाडि सारेको सुशासन कायम गर्दै भ्रष्टाचारमुक्त देश बनाउन सबै प्रतिबद्ध भएर लाग्ने छौं ।"रासस

# असहायलाई न्यानो कम्बल वितरण




**टुडे समाचारदाता**

वीरगञ्ज। पर्साको जिराभवानी गाउँपालिका वडा नं. १ गम्हरीयामा बसोबास गर्दै असहायहरूलाई चिसो मौसमको कहरबाट जोगाउन न्यानो कम्बल वितरण गरिएको छ।

रामाकान्त अग्रवालको पूर्ण आर्थिक सहयोग तथा सामाजिक संस्थाको रूपमा स्थापित उपकार सेवा नेपालको सहकार्यमा वृद्ध-वृद्धा, अपाङ्गता भएका व्यक्ति, साधु-सन्त, एकल महिला तथा सीमान्तकृत समुदायका एक सयजना असहायलाई न्यानो कम्बल प्रदान गरिएको हो।

कठ्याङ्ग्रिने जाडोका कारण स्वास्थ्य र दैनन्दिन जीवनमा समस्या झेलिरहेका कमजोर वर्गलाई राहत पुर्‍याउने उद्देश्यले यो मानवीय सहयोग कार्यक्रम आयोजना गरिएको उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगीले जानकारी दिए।

गम्हरीयामा आयोजित कम्बल हस्तान्तरण कार्यक्रममा जिराभवानी गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष रामशरण खवास, उपकार सेवा नेपालकी संरक्षक पद्मा देवी सरावगी, संस्थाका सदस्य सुमन बगेडिया, रामाकान्त अग्रवालका प्रतिनिधि रेनु सर्राफ र नेहा सर्राफ, बोर्डर आउट पोस्ट महादेवपट्टीका कार्यालय प्रमुख शस्त्र प्रहरी निरीक्षक हरि चन्द्र खड्का तथा प्रहरी चौकी महादेवपट्टीका प्रमुख प्रहरी सहायक निरीक्षक अवधलाल साहको उपस्थितिमा वितरण गरिएको हो।

कार्यक्रममा स्थानीय भद्रभलाद्मी, जनप्रतिनिधि तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो । कम्बल पाउँदा वृद्ध-वृद्धा तथा असहायहरूले खुसी व्यक्त गर्दै सहयोगप्रति आभार प्रकट गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगीले जाडोको समयमा समाजका कमजोर र उपेक्षित वर्गलाई न्यानोपन दिनु संस्थाको नैतिक कर्तव्य भएको बताए। उनले आगामी दिनहरूमा पनि यस्ता मानवीय र समाजोपयोगी कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

यसका अतिरिक्त उपकार सेवा नेपालले यसअघि वडाका अपाङ्गता भएका चार जना व्यक्तिका परिवारलाई ह्वीलचेयरसमेत प्रदान गरेको जानकारी दिइएको छ। यस्ता सहयोगले अपाङ्गता भएका व्यक्तिको जीवनयापन सहज बनाउन उल्लेखनीय योगदान पुगेको स्थानीयहरूको भनाइ छ।

# पद चाहिएको छैन, महाधिवेशनलाई उपलब्धिपूर्वक टुङ्ग्याउनु छः महामन्त्री थापा

काठमाण्डु। नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विशेष महाधिवेशबाट आफूलाई पद नचाहिएको बताउनुभएको छ। नेपाली कांगेस विशेष महाधिवेशन पक्षधरद्वारा आयोजना गरिएको विशेष महाधिवेशको बन्दसत्रको दोस्रो दिन मंगलबार सम्बोधन गर्दै उहाँले आफूलाई पदका लागि विशेष महाधिवेशन नगरिएको स्पष्ट पार्नुभयो।

महामन्त्री थापाले पार्टीको आन्तरिक लोकतन्त्रमा प्रश्न गर्न सबैले पाउनुपर्ने भन्दै आन्तरिक लोकतन्त्रमा प्रश्न गर्नु आँफैमा विद्रोह भएको धारणा राख्नुभयो। "यो विद्रोह हो, प्रश्न गर्नु आफैँमा एउटा विद्रोह हो, मौनता साँध्नु भनेको मृत्युलाई अगाल्नु जस्तै हो", उहाँले भन्नुभयो।

महामन्त्री थापाले पार्टीभित्र गुठ भन्दापनि गिरोह बढ्दै गएको भन्दै पार्टीलाई बदल्न जरूरी रहेको उल्लेख गर्नुभयो। उहाँले बाहिरको हल्लाको पछि नलाग्नसमेत सबैलाई आग्रह गर्नुभयो । "अहिले बाहिर अनेक हल्ला चलाइएको छ, कोही भागबण्डाका लागि भनिएको छ, म हल्लाको पछि लागेको छैन, तपाईहरू पनि नलाग्नुस्", उहाँले भन्नुभयो,"यो हलको म्याण्डेटलाई हामी सबैले मान्नुपर्छ । बाहिर हुने कुनै सहमतिलाई पनि यो हलले अपनत्व लिएपछि मात्रै अगाडि बढ्छ ।"महामन्त्री थापाले पार्टीको विशेष महाधिवेशनलाई उपलब्धिपूर्वक ढङ्गले टुङ्ग्याउनुपर्ने बताउनुभयो ।रासस

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको हेल्थ साइन्स (जेनरल मेडिसिन) को माइग्रेशन काठमाण्डौंको गौशला देखि एयरपोर्ट जाने क्रममा मिति २०८२/०५/०२ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : कुलदिप साह**
**सिम्बोल नं.:** ३९११३४
**रजिष्ट्रेशन नं.:** HA-14769-14 (CTEVT)
**ठेगाना: कल्याणपुर न.पा.–८, सिराहा**
**मो.नं.** ९८१४७२२५३०

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** मेहनतको राम्रो फल प्राप्त हुनेछ । परिवारको साथले मन खुशी रहनेछ।
**वृष :** आर्थिक पक्ष बलियो रहने संकेत छ। सोचेर निर्णय गरे फाइदा हुन्छ।
**मिथुन :** कामको चाप अलि बढ्न सक्छ । साथीभाइको सहयोग मिल्नेछ।
**कर्कट :** काममा सकारात्मक परिणाम देखिन सक्छ। आर्थिक अवस्था स्थिर रहेकोछ।
**सिंह :** भविष्यका योजना बनाउन उपयुक्त समय हो ।
**कन्या :** सानो प्रयासले ठुलो सफलता मिल्न सक्छ।
**तुला :** सम्बन्ध सुधार हुने दिन हो । विवाद समाधानको सम्भावना छ ।
**वृश्चिक :** आज निर्णय क्षमता बलियो रहनेछ। आर्थिक लाभको संकेत छ।
**धनु :** नयाँ काम सुरु गर्न राम्रो दिन हो । भाग्यले साथ दिने संकेत छ।
**मकर :** आज धैर्य र अनुशासन आवश्यक छ।
**कुम्भ:** सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ।
**मीन :** आज मन अलि संवेदनशील हुन सक्छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



फूलको रस चुस्दै पुतली । *तस्विर: रासस*

# त्रिशूली किनारमा बालुवाले पुरिएको अवस्थामा भेटियो बस

काठमाण्डु । त्रिशूली नदीको किनारमा बालुवाले पुरिएको अवस्थामा गणपति डिलक्स नाम लेखिएको गाडी फेला परेको छ । तनहुँको आबुखैरेनी गाउँपालिका-५ ढ्वोन्द्राङ बैँसी नजिकै त्रिशूली नदीको किनारमा पुरिएको अवस्थामा सो गाडीको पाट्र्सपुर्जा फेला परेको हो ।

पाटपुर्जा देखिएको सो गाडी खोजीकार्यको लागि सशस्त्र प्रहरी बल नेपाल नं १७ गण चितवन र नं २३ मनकामना गण भानु तनहुँबाट खटिएका सुरक्षा फौजले उक्त नाम लेखिएको गाडी फेला पारेको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।



काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स र वीरगञ्जबाट काठमाडौँतर्फ आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एन्जल डिलक्स २०८१ असार २८ गते पहिरोले पुरिएर चितवनको सिमलतालस्थित त्रिशूली नदीमा बेपत्ता भएका थिए ।

गणपति डिलक्समा सवार ३१ जनामध्ये तीन जनाले हामफालेर ज्यान जोगाएका थिए भने २८ जना बेपत्ता भएका थिए । सो मध्ये १४ जनाको शव फेला परेको थियो । अन्य हालसम्म बेपत्ता छन् ।रासस

# वित्तीय जानकारी इकाईको वार्षिक प्रतिवेदन सार्वजनिक

काठमाण्डु । नेपाल राष्ट्र बैंकअन्तर्गतको वित्तीय जानकारी इकाईले गत आर्थिक वर्ष २०८१/८२ (सन् २०२४/२५) को वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ ।

प्रतिवेदनले नेपालमा सम्पत्ति शुद्धीकरण निवारण, आतङ्कारी कार्यमा वित्तीय लगानी निवारण तथा आमविनाशका हातहतियार निर्माण तथा विस्तारमा हुने वित्तीय लगानी निवारण (एएमएल/सिएफटी) का सम्बन्धमा इकाईले गरेका नीतिगत र सञ्चालनगत कार्य तथा कार्यक्रमको विवरण उल्लेख गरेको छ । इकाईमा प्राप्त हुने शङ्कास्पद कारोबारको प्रतिवेदन र तिनको विश्लेषण एवम् प्रेषित तथ्याङ्क, आन्तरिक तथा अन्तरराष्ट्रिय समन्वयसम्बन्धी विवरणसँगै आगामी रणनीतिक प्राथमिकतालाई पनि प्रतिवेदनमा समेटिएको छ ।

इकाईले आर्थिक वर्ष २०८१/८२ मा सूचनाको सुरक्षा, गोपनीयता तथा प्रयोगसम्बन्धी मार्गदर्शन तयार गरिएको जनाएको छ । त्यस्तै, 'गो-एएमएल अपरेसन गाइडलाइन' जारी तथा अद्यावधिक गर्ने, शङ्कास्पद कारोबार र सीमा कारोबारसम्बन्धी मार्गदर्शन



अद्यावधिक गर्ने लगायतका कार्यहरू सम्पन्न गरेको वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ । साथै, इकाईले वर्षभरि नै सूचक संस्था, नियामकीय निकाय, कानुन कार्यान्वयन गर्ने निकाय तथा अन्य सरोकारवाला संस्थाका लागि लक्षित क्षमता विकास, अभिमुखीकरण र सचेतना कार्यक्रम सञ्चालन गरेको जनाइएको छ ।

प्रतिवेदनअनुसार गत आर्थिक वर्षमा गो-एएमएल प्रणालीमार्फत वित्तीय सूचना सङ्कलन उल्लेख्य रूपमा वृद्धि भएको छ । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा गो-एएमएलमा आबद्ध सूचक संस्थाहरूको सङ्ख्या एक हजार ६३८ रहेकामा गत आर्थिक वर्ष २०८१/८२ मा तीन हजार ४८७ पुगेको छ । सोही अवधिमा इकाईले आठ हजार ५६५ वटा शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदन प्राप्त गरेको छ । यो आकडा अघिल्लो वर्षको तुलनामा करिब ३० प्रतिशतले बढी हो ।

त्यस्तै, गत आर्थिक वर्षमा इकाईमा प्राप्त प्रतिवेदनहरूको विश्लेषणसमेत करिब ४० प्रतिशतले वृद्धि भएको छ ।

विश्लेषणपश्चात् इकाईले ८४५ वटा शङ्कास्पद कारोबार तथा गतिविधिमा आधारित वित्तीय जानकारी नेपाल प्रहरी, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग तथा अन्य सम्बन्धित कानुन कार्यान्वयन गर्ने निकायहरूमा सम्प्रेषण गरेको जनाइएको छ । यसबाट वित्तीय अपराधको पहिचान, अनुसन्धान तथा अभियोजन प्रक्रियामा प्रत्यक्ष सहयोग पुगेको विश्वास गरिएको छ । गत आर्थिक वर्षमा इकाईले विदेशी वित्तीय जानकारी इकाईसँग ६४ वटा सूचना आदानप्रदान गरेको छ । यसबाट सीमापार वित्तीय कारोबारबाट हुने जोखिम, अन्तरदेशीय अपराध सञ्जाल, साइबर ठगी र नयाँ प्रकृतिका अपराध प्रवृत्तिविरुद्ध अन्तर्राष्ट्रियस्तरमा हुने सहकार्यलाई थप मजबुत र विस्तार भएको प्रतिवेदनमा उल्लेख छ ।त्यस्तै, एसिया प्यासिफिक ग्रुपले सन् २०२३ मा गरेको नेपालको पारस्परिक मुल्याङ्कन (म्युचुअल इभ्यालुएसन)पश्चात् नेपाल ग्रे-लिस्ट सूचीमा परेपछि इकाईमार्फत भएका समन्वयात्मक कार्यलाई समेत प्रतिवेदनमा समेटिएको छ ।

वार्षिक प्रतिवेदनले जोखिममा आधारित दृष्टिकोण, प्रविधिमा आधारित विश्लेषण, अन्तरनिकाय समन्वय तथा अन्तरराष्ट्रिय मापदण्डअनुरूपकासुधारकाप्रयासलाई इकाईको आगामी प्राथमिकताका क्षेत्रका रूपमा प्रस्तुत गरेको छ । इकाईको आगामी कार्यदिशा वित्तीय सूचना विश्लेषणको गुणस्तर सुदृढ गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकार्यलाई थप प्रभावकारी बनाउने प्रतिवेदनमा उल्लेख छ ।रासस

# महोत्तरीका मगर र थारू बस्तीमा माघेसङ्क्रान्तिको रौनक

महोत्तरी । यहाँका थारू र मगर बस्तीमा माघेसङ्क्रान्ति पर्वको रौनक बढेको छ । यी दुवै समुदायको मुख्य पर्व मानिने माघेसङ्क्रान्ति नजिकिएसँगै मगर र थारू समुदाय पर्वको तयारीमा जुटेका हुन् । सौरमासको माघ सङ्क्रान्तिका दिन मनाइने यो पर्वलाई मगर समुदायले माघेसङ्क्रान्ति भन्छन् भने थारूले तिलासक्रायत भन्ने गर्छन् ।

यस भेगका थारू बस्तीमा पर्वका लागि सामर्थ्यअनुसार माछाको सिद्रा, खसी, हाँस, कुखुरासहितका मासु परिकार जुटाउँदैछन् । शीतलहर पनि केही दिनयता घट्न थालेपछि पर्वको तयारी गर्न सजिलो भएको छ ।

भङ्गाहा नगरपालिका क्षेत्रका भीमगढ, टिकुलिया, महुवा, भूचक्रपुर, पलारबिर्ता, थारूटोल बनरा, भङ्गाहा, मदनपट्टी, पर्सा, बखरी, करुणा, मेघरोल, हरखपुर, मझौलिया र धरमपुर थारू



समुदायको बाहुल्यता भएका बस्ती हुन् । त्यसैगरी बर्दिबास नगरपालिकाको मेघनाथटोल र गौशाला नगरपालिका क्षेत्रका निगौल, रजखोरबिर्ता, बिसरपुर र जमुनियाँ पनि थारू बसोबास बाहुल्यताका बस्ती हुन् । यी बस्तीमा अहिले थारू महिला ' लाई' बनाउन व्यस्त छन् । तील, चिउरा, मुरी र जुनेलो भुटेर सक्खरको खुँदोमा मिसाएर बनाइने लड्डुलाई 'लाई' भनिन्छ । पश्चिम नेपालतिर थारूले यस पर्वलाई ' माघी' भने पनि मधेसमा भने तिलासक्रायत भन्ने गर्छन् ।

यो पर्वमा छोरीचेली, ज्वाँइचेला, भाञ्जाभाञ्जी र इष्टमित्र डाकिने थारू जातिको परम्परा छ । "पर्वका लागि सबै करकुटुम्बलाई निम्ता दिइसकियो", भङ्गाहा-४ थारूटोल बनराकी ७५ वर्षीया रामसुनरदेवी थारूले भन्नुभयो, "हामी अब पर्वको सर्जाम जुटाउन लागेका छौँ ।"

मगर जातिमा पनि माघेसङ्क्रान्ति पर्वमा छोरीचेली, ज्वाँइचेला, भाञ्जाभाञ्जी र मितमितिनी र इष्टमित्र डाक्ने चलन छ । महोत्तरीका उत्तरीक्षेत्रका बर्दिबास र गौशाला नगरपालिकाका धेरैजसो बस्तीमा मगर समुदायको बाक्लो बसोबास छ ।

"माघेसङ्क्रान्ति मनाउन छोराछोरी धमाधम जम्मा हुँदैछन्", बर्दिबास-९ पशुपतिनगरको टोकीटोलका रामचन्द्र थापामगर भन्नुहुन्छ, "अब हुस्सु पनि फाटेर दिन राम्रा हुँदैछन्, चाडवाड रमाइलो हुने आस छ ।" मकर सङ्क्रान्ति पनि भनिने यो पर्वमा खास महत्वको मानिने तील, सक्खर, चिउरा र मुरीको बजार बाक्लै देखिएका छन् ।

तिलासक्रायत पर्वमा तील, चिउरा, जुनेलो र मुरीका लड्डु बनाएर कूलदेवतालाई चढाइ इष्टजनसँगै खाने, खुवाउने मैथिल परम्परा छ ।रासस

# अठार फर्ममा विभागको अनुमगन निरीक्षण

काठमाण्डु । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले काठमाडौँ र ललितपुरका विभिन्न १८ फर्ममा निरीक्षण गरी कारबाहीको दायरामा ल्याएको छ ।




विभागले उपभोक्ता संरक्षण ऐन, २०७५ विपरीतको गतिविधि गरेको आरोपमा न्यू आर ए इन्टरप्राइजेजलाई रु २० हजार जरिवाना गरेको छ । विभागले विभिन्न पेन्टस कम्पनी, हार्डवेयर पसल तथा निर्माण सामग्री बिक्री गर्ने स्थानमा अनुगमन तथा निरीक्षण गरेको थियो । त्यसमध्ये एकलाई नगद जरिवाना गरेको विभागले अन्य १७ वटालाई भने सुधारात्मक निर्देशन दिएको थियो ।

विभागले नियमित रुपमा बजारको अनुमगन तथा निरीक्षण गर्दै सुधारको अभियान अगाडि बढाएको छ ।

कालाबजारी नियन्त्रण, वातावरण संरक्षण एवं अन्य सुधारात्मक कारबाही गर्दै आएको थियो ।रासस

# रौतहटमा धान उत्पादन घट्यो

चन्द्रपुर । गत असोज १७ देखि १९ गतेसम्म आएको अविरल वर्षापछिको बाढीले रौतहटमा गत वर्षको तुलनामा यस वर्ष धान उत्पादन घटेको छ । भित्र्याउने बेलाको धान बालीमा वर्षाको बाढी पसेपछि रौतहटमा धानको उत्पादन घटेको हो ।

गत वर्षको तुलनामा यस वर्ष रौतहटमा कूल २१ हजार ५७८ मेट्रिकटन धान उत्पादन घटेको कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सुरेन्द्रप्रसाद कुर्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गत वर्ष जिल्लामा एक लाख १६ हजार ७०८ मेट्रिकटन धान उत्पादन भएकामा यस वर्ष ९५ हजार १३० मेट्रिकटन



उत्पादन भएको छ । यस वर्ष जिल्लामा ३१ हजार ५०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो भने प्रतिहेक्टर उत्पादन ३ दशमलव ०२ मेट्रिकटन रहेको निमित्त प्रमुख कुर्मीले जानकारी दिनुभयो । गत वर्ष रौतहटमा ३५ हजार आठ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । प्रतिहेक्टर उत्पादन ३ दशमलव २६ रहेको थियो । गत वर्षको तुलनामा यस वर्ष प्रतिहेक्टर धान उत्पादन ० दशमलव २४ प्रतिशतले घटेको छ । यस वर्ष कूल २१ हजार ५७८ मेट्रिकटन धान उत्पादन घटेको निमित्त प्रमुख कुर्मीले बताउनुभयो ।

समयमै वर्षा नहुँदा गत वर्षको तुलनामा यस वर्ष करिब चार हजार ३०० हेक्टर क्षेत्रफलमा कम धान रोपिएको कार्यालयले जनाएको छ । गत असोजमा आएको बाढीले १७ हजार ६३८ हेक्टर खेतमा लगाएको धानबालीमा क्षति पुऱ्याएको थियो । बकैया र बागमती नदीले तटबन्ध बगाएपछि बाढी खेतमा पस्दा धान बालीमा क्षति पुऱ्याएको हो । बाढीले सबैभन्दा बढी राजदेवी, परोहा, राजपुर, माधवनारायण, गढीमाई, इशनाथ, मौलापुर नगरपालिका र दुर्गाभगवती गाउँपालिकामा क्षति पुऱ्याएको थियो ।रासस

# इक्यानको अध्यक्षमा पौडेल चयन



काठमाण्डु । शैक्षिक परामर्श व्यवसायी सङ्घ (इक्यान) को २० औँ साधारणसभाबाट लक्ष्मण पौडेल 'एन्ड्रयु' को नेतृत्वका नयाँ कार्यसमिति निर्वाचित भएको छ । गए राति सम्पन्न निर्वाचनमा सस्थाको प्रथम उपाध्यक्षमा वासुदेव दाहाल, द्वितीय उपाध्यक्षमा विकल्पराज पोखरेल, तृतीय उपाध्यक्षमा गीता शिवाकोटी र महासचिवमा भवनाथ हुमागाइँ विजयी हुनुभएको छ ।

यसैगरी सहसचिवमा सुरज सिलवाल र आशिक कार्की, कोषाध्यक्षमा साधना पुडासैनी विजयी तथा सह-कोषाध्यक्षमा गोविन्द खनाल विजयी हुनुभएको छ । सदस्यहरुमा अनन्तराज घिमिरे, उद्धव बन, विवेक बस्नेत, दामोदर शर्मा, अशोककुमार हाथी, दिनेश पौडेल, सञ्जीव पाण्डे, शिवप्रसाद अर्याल, कमलप्रसाद तिमल्सिना विजयी हुनुभएको छ । निर्वाचित नेतृत्वलाई निवर्तमान अध्यक्ष शेषराज शिवाकोटीले शुभकामना दिनुभयो । साधारणभाको सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले उद्धाटन गर्नुभएको थियो ।रासस

# लोकतन्त्रको आत्मा निर्वाचन : आयुक्त तुलाधर

नेपालगन्ज । निर्वाचन आयोगका आयुक्त डा जानकीकुमारी तुलाधरले लोकतन्त्रको आत्मा भनेकै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, समावेशी, विश्वशनीय निर्वाचन भएको बताउनुभएको छ ।

मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा प्रदेश, जिल्ला निर्वाचन अधिकारीका लागि निर्वाचन व्यवस्थापनसम्बन्धी दुईदिने अभिमुखीकरणको मंगलबार समापन गर्दै उहाँले संविधानले सुनिश्चित गरेको सार्वभौमसत्ता जनतामा निहीत रहने सिद्धान्तलाई व्यहारमा उतार्ने सबैभन्दा सशक्त माध्ययम नै निर्वाचन भएको उल्लेख गर्नुभयो । आयुक्त तुलाधरले निर्वाचनलाई सफल बनाउने दायित्व निर्वाचन अधिकृतहरूको भएकाले प्रशिक्षण कार्यक्रमले निर्वाचनका कानुनी, प्राविधिक, प्रशासनिक पक्षको आवश्यक ज्ञान, सीप, साझा बुझाइ विकास गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

निर्वाचनको प्रत्येक चरण निर्वाचनको तयारीदेखि मतगणना, नतिजा घोषणासम्म र आचारसंहिता आयोगका निर्देशनअनुसार सञ्चालन हुनु अनिवार्य भएकामा जोड दिँदै उहाँले त्यसका लागि व्यावसायिक दक्षता, निष्पक्ष आचरण, उच्च नैतिकता हुनुपर्ने बताउनुभयो । "निर्वाचनको व्यवस्थापन आजको सन्दर्भमा




केवल प्रशासनिक काम मात्र नभई विधि, समावेशिता, पारदर्शिता र जनविश्वाससँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो", उहाँले भन्नुभयो ।

त्यसैगरी बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले सुरक्षाको समन्वय गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीको भएको उल्लेख गर्दै बाँकेमा निर्वाचनपूर्वको प्राविधिक तयारी भइरहेको जानकारी दिनुभयो । अभिमुखीकरणमा लुम्बिनी, सुदूरपश्चिम, कर्णाली प्रदेशका २७ जिल्लाका ६६ जना मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, जिल्ला निर्वाचन अधिकारीको सहभागिता रहेको थियो ।रासस

नेपाल सरकार
गृह मन्त्रालय
## जिल्ला प्रशासन कार्यालय, धनुषा
### सूचना

उप्रान्त जिल्ला धनुषा, साविक हरिहरपुर वडा नं. ०३ हाल मिथिला नगरपालिका वडा नं. ०३ बस्ने कितवल्ली शेषको नाति मोक्तार शेषको छोरा साहिद शेषले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा साहिद शेषको पिता मोक्तार शेष र आमा अजिजनी खातुन हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएकी मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

प्रशासकीय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# पुस्तान्तरण अनिवार्य

नेपाली कांग्रेस विभाजनको संघारमा पुगेको छ। कांग्रेसमा अहिले विशेष महाधिवेशन भइरहेको छ। विशेष महाधिवेशनमा उम्मेदवारीको प्रक्रिया समेत शुरु भएको छ। नेतृत्व चयनका लागि चुनाव नै हुने अथवा चुनाव नै नहुने स्थिति छ। त्यसको टुंगो लगाउन संस्थापन पक्ष र विशेष महाधिवेशन पक्ष छलफल पनि जारी राखेको छ। अहिले पनि कांग्रेस विभाजन नहुने धेरैको विश्वास छ। तर कांग्रेस विभाजित भए पनि नभए पनि पार्टीमा युवा पुस्ता र काका पुस्ता भने धार स्पष्ट देखिएको छ। विशेष महाधिवेशन पक्षधरले महाधिवेशन प्रतिनिधिको बहुमत आफूहरुसित रहेको दाबी गरेको छ। त्यसको परीक्षणको विषय पनि अहिले महत्वपूर्ण छैन। कांग्रेसका दुई जना महामनन्त्री क्रमशः गगन कुमार थापा र विश्वप्रकाश शर्माको आह्वानमा डाकिएको विशेष महाधिवेशनमा बहुमत प्रतिनिधिको उपस्थिति हुनु सामान्य विषय होइन। कांग्रेसमा पुस्तान्तरण अनिवार्य भइसकेको छ। कांग्रेसका अधिकांश युवाहरुले काका पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न बाध्य बनाउन थालेका छन्। विशेष महाधिवेशन त्यसकै परिणाम हो। कांग्रेसमा संस्थापन पक्षसित चरम असन्तुष्टि देखिएको छ। विशेष महाधिवेशनमा सहभागिताको संख्याले त्यो पुष्टि गरेको छ। नेपाली कांग्रेसका नेतृत्वले नेतृत्व हस्तान्तरणमा इमान्दारीपूर्ण प्रतिबद्धता नजनाए पार्टी विभाजन हुने निश्चित भइसकेको छ। पार्टी विभाजन नगर्ने पक्षधरहरुले संस्थापन पक्षबाट विश्वासिलो प्रतिबद्धता खोजेको छ। सहज ढंगवाट अब नेतृत्व हस्तान्तरणको प्रक्रिया अगाडि बढाउन सहमति हुन नसके नेपाली कांग्रेस विभाजित हुनेछ। विशेष महाधिवेशनले गगन कुमार थापालाई सभापति बनाउने खाका तयारी गरेरै विशेष महाधिवेशनमा प्रतिनिधिहरु सहभागी भएका छन्। कांग्रेसको हाल रहेको संस्थापन पक्षले पार्टी विखण्डनलाई जोगाउन नसके इतिहासको ठूलो कलंकको भागी हुनुपर्ने छ। युवाहरुलाई सँधैभरि उपेक्षा गरेर पार्टी अगाडि बढ्न नसक्ने सशक्त सन्देश दिएको छ। सौहाद्रपूर्ण ढंगले नभए आफै लिन सक्ने चेतावनी पनि विशेष महाधिवेशनले दिएको छ। फागुन २१ गते हुने प्रतिनिधि सभा चुनावको कार्यक्रम अगाडि बढिसकेको बेला कांग्रेस विभाजनको अन्तिम किनारमा पुगेको छ। विभाजनले समग्रमा कांग्रेसलाई ठूलो क्षति हुनेछ। अहिले कांग्रेस विभाजनको उपयुक्त समय होइन। मंसिर अथवा पुस महिनाको प्रारम्भमा नै विशेष महाधिवेशन डाकिएको भए अहिलेको भन्दा कम घातक हुन सक्थ्यो। चुनावको बीचमा पार्टी विभाजनले कयौं अड्चनहरु आउने सम्भावना छ। कांग्रेसमा उत्पन्न समस्या अन्य पुराना दलहरुमा पनि आउन सक्छ। जेन- जी आन्दोलनले देशमा जनधनको ठूलो विनास गऱ्यो। कांग्रेसमा युवाहरुको नेतृत्वमा विभाजनसम्मको स्थिति आउनु पनि जेन- जी आन्दोलनको साइड इफेक्ट हो। एमालेको स्थितिपनि राम्रो छैन। नेपाल कम्युनिष्ट पार्टीले दर्जन बढी दल र नेताहरुलाई मिलाएर एकीकृत भए पनि अवस्था बलियो छैन। त्यसकारण पुस्तान्तरणलाई सबै दलका शीर्ष नेताहरुले स्वीकार गर्नुपर्छ।

# ज्वालालाई जागृत राखिराख्न डढ्न तयार छौं



गगन थापा

पछिल्लो समयमा यत्रो लामो समयसम्म टसमस नगरिकन एउटा प्रतिबद्धताका साथमा राजनीतिक कार्यक्रममा भाषण सुनेर यति लामो समयसम्म बसेको पछिल्लो समयमा कतै पनि देखेको थिइनँ। तपाईंहरूको यो उपस्थितिले पनि देखाउँछ- यो महाधिवेशन त्यसै विशेष हुँदै छैन। यसको नाम मात्र विशेष होइन, यसलाई हामीले विशेष बनाएर टुङ्ग्याउनु छ।

अघि महामन्त्री विश्वप्रकाश शर्मा र मैले यहाँ मञ्चबाट तल ओर्लिएर नेताहरूको तस्बिरमा माल्यार्पण गऱ्यौं, दियो बाल्यौं र गमलामा पानी हालेर यसको उद्घाटन गऱ्यौं। हामीलाई खुसी लागेको होइन। हामी त्यो उद्घाटन आज हाम्रो पार्टी सभापतिलाई आएर गरेको हेर्न चाहन्थ्यौं। हाम्रो कार्यवाहक सभापति पनि यहाँ उपस्थित हुनुभएको चाहन्थ्यौं। त्यसो हुन सकेन। कतिलाई बाहिरबाट हेर्दै गर्दाखेरि आज नेपाली कांग्रेसभित्रको यो झगडा भइरहेको छ भन्ने पनि लागिरहेको होला। नेपाली कांग्रेसभित्रको संघर्षको कारणले गर्दा, पार्टीभित्रको सत्ताको संघर्षले, शक्तिको संघर्षको कारणले गर्दा आज यहाँभित्र कोही उपस्थित भएको, कोही उपस्थित नभएको दृश्य यहाँभित्र देख्नुपरेको भन्ने लागिरहेको होला। तर कुरा त्यो होइन। यो संघर्ष नै हो। तर यो शक्तिको संघर्ष होइन। यो पार्टीभित्रको सत्ताको संघर्ष पनि होइन। यो विचारको संघर्ष हो यो। यो मूल्य र मान्यताको संघर्ष हो।

भाद्र २३ र २४ गते गैरन्यायिक हत्या पनि भयो। २४ गते ठुलो उपद्रो पनि भयो। आपराधिक कामहरू पनि भए, घुसपैठ पनि भए। त्यसको बारेमा कानुनसम्मत ढंगले छानबिन भइरहेको छ, दोषीले त्यसको सजाय पनि पाउला। तर त्यो एउटा घटना हो। भाद्र २३ र २४ गते त्यति मात्र भएको होइन। भाद्र २३ र २४ गते जेन्जीहरूले मात्र होइन, नेपालका लाखौं लाख नर-नारीहरूले सडकमा आएर, घरमा बसेर रिस पोखेका हुन्, आक्रोश व्यक्त गरेका हुन्, आफ्नो असन्तुष्टि व्यक्त गरेका हुन्। कोसँग व्यक्त गरेको? सरकारसँग। अनि त्यो सरकारमा को थियो? हामी थियौं। कोसँग व्यक्त गरेको? संसदसँग। त्यो संसदमा को थियौं? हामी थियौं। व्यक्तिगत रूपमा रिसाएको होइन, हाम्रो कामसँग रिसाएको। भ्रष्टाचारसँग रिसाएको, कुशासनसँग रिसाएको, बेथिति सँग रिसाएको। राजाको छोरा राजा हुने व्यवस्था फालेर बनेको गणतन्त्रमा नेपो बेबीहरूको राज देखेर रिस उठेकै हो। चित्त दुखाएकै हो, असन्तुष्ट भएकै हो।

हाम्रो अगाडिको प्रश्न त्यसलाई हामीले अनदेखा गर्ने, त्यसलाई हामीले बेवास्ता गर्ने वा त्यसलाई हामीले बुझ्ने, मनन गर्ने वा सम्बोधन गर्ने भन्ने हो। यो विशेष अधिवेशन त्यसकै एउटा प्रयास हो। हामीले यति मात्रै भनेको, नेपाली कांग्रेस पार्टीले यत्रो घटना भइसके पछाडि हामी चुप बस्न मिल्दैन। हामीले अनदेखा गर्न मिल्दैन। हामीले यसलाई सामान्य घटनाको रूपमा पनि लिन मिल्दैन। यो उथलपुथल पछाडि एक पटक कांग्रेस अडिनुपर्छ। एक पटक पछाडि फर्कनुपर्छ। एक पटक आफैंभित्र पनि टटोल्नुपर्छ। एक पटक हाम्रो आफ्नै घर-परिवारभित्र पनि हेर्नुपर्छ। कसैलाई गाली गरेर होइन, कसैलाई दोष लगाएर होइन। हामी पनि त्यही रेलभित्रै सवार छौं। हामी आफ्नो पनि जिम्मा लिनुपर्छ। हामी लिन्छौं पनि, लिएका पनि छौं, लिन पनि तयार छौं। तर एक पटक हामीले आफूले आफूलाई सोध्नुपर्छ- गल्ती कहाँ भयो, कमजोरी कहाँ भयो।

ती तिनै मानिसहरू हुन् जो कुनै बेला यिनै सडकहरूमा कांग्रेसले झन्डा फहराउँदै गर्दा हाम्रो एक आह्वानमा सेनाको ट्याङ्क राख्दै गर्दा हामीसँग गोली थाप्न आएका मानिसहरू हुन्थे। तिनकै छोराछोरीहरू हुन्। तर आज हामीसँग किन रिसाए? हामीले यति कुरा भनेको। यसैको लागि हामीले भनेको हो- हामी एक ठाउँमा आउनुपर्छ, हामीले समीक्षा गर्नुपर्छ र त्यसका निम्ति अधिवेशन भन्दा अर्को मञ्च हाम्रा निम्ति सानो मञ्च हुन्छ।

हाम्रो कुरा मिलेन र आज हामी को यहाँ आएका छौं, को यहाँ आएका छैनौं। त्यसैले यो शक्तिको संघर्ष होइन, सत्ताको संघर्ष होइन। देशलाई कसरी बुझ्ने, नागरिकलाई कसरी बुझ्ने, जनभावनाको कदर गर्ने कि नगर्ने भन्ने हाम्रो सोचको भिन्नताको कारणले गर्दा आज हामी कोही यहाँ भयौं, कोही हामी हुन सकेनौं।

दोस्रो विषय पार्टीसँग जोडिएको छ। पार्टी भनेको के हो? श्रद्धेय सभापति हुनुहुन्छ। हामी यहाँ महामन्त्री छौं। त्यहाँ तल थुप्रै साथीहरू बस्नुभएको छ। अझ कोही गाउँमा हुनुहुन्छ। यहाँ मञ्चमा बस्ने महामन्त्री पनि आज यहाँ नआउनुभएको सभापति पनि कांग्रेसको सदस्य हो। तल बस्ने पनि कांग्रेसको सदस्य हो, दुइटै बराबर हो। यहाँ कोही ठुलो, कोही सानो छैन। पद मात्रै हो यो, जिम्मेवारी मात्रै हो यो, सबै बराबर हो। कांग्रेस भनेकै त्यही हो। कांग्रेसमा त्यो कुनै हाइरार्की छैन। भएको भए यो पार्टी नै बन्दैनथ्यो।

यो सबैको साझा घर हो यो। सबैको हक छ यहाँ। सबै बराबर छ यहाँ। पार्टीको सबैभन्दा यसको अधिकार, अझ भन्ने हो भने सबैभन्दा बढी अधिकार तल्लो तहमा बस्ने सदस्यको छ। उसले त केवल जिम्मा दिएर मात्र हामीलाई पठाएको। जसरी नागरिकहरूले भाद्र २३ र २४ मा आफ्नो भावना व्यक्त गरे, भाद्र २३ र २४ गते पछाडि पार्टीका सदस्यहरूले पनि भने हामीलाई, सबैलाई भने- तिमीहरू सुध्रिनुपर्छ अब। तिमीहरू बदलिनुपर्छ अब। पार्टी जसरी चलेको छ ठीकठाक चलेको छैन। तिम्रा निर्णयहरू ठीक थिएनन्। तिमी चुनावमा एउटासँग मिलेर लड्ने, सरकार अर्कोसँग मिलेर बनाउने। तिमी सरकारमा जानका निम्ति जे पनि गर्ने। सरकारबाट बाहिर बस्नुपऱ्यो भने सबै कुरा सकिएको जस्तो गर्ने, तिम्रो चालढाल ठीक थिएन। तिमी बदलिनुपर्छ। पार्टीको सदस्यले हामीलाई यही कुरा भनेको। तिमी समीक्षा गर, तिमी एक पटक छलफल गर। तिमी कहाँनिर चुक्यौ? तिमीलाई त मैले जिम्मा दिएर पठाएको थिएँ- सांसद बनाएँ, मन्त्री बनाएँ, पार्टीको सभापति, महामन्त्री बनाएँ। तिमीहरू बस, छलफल गर। यति कुरा मात्रै भनेको थियो।

पार्टीको सदस्यहरूले भनेको त्यही कुरालाई बोकेर पार्टीको महाधिवेशन प्रतिनिधिहरू आउनुभयो र हामीसँग भन्नुभयो- 'आदरणीय सभापतिज्यू, महामन्त्रीज्यू, तपाईंहरू महाधिवेशन गर्नुहोस्। तपाईंहरूले महाधिवेशन गर्न भ्याउनुहुन्न भने हामीले तपाईंहरूलाई अनुरोध गरेका छौं विशेष महाधिवेशन गर्नुहोस्।' यो कुन चाहिँ नौलो कुरा हो? यही पार्टीकै साथीहरू होइन? यहाँ अहिले आउनुभएको महाधिवेशन प्रतिनिधिहरू भनेको त्यही महाधिवेशन प्रतिनिधि होइन, जसले आजभन्दा चार वर्ष अगाडि ठीक अगाडिपट्टिको राष्ट्रिय सभागृहमा गएर झ्याम-झ्याम भोट हालेर शेरबहादुर देउवालाई सभापति बनाएको महाधिवेशन प्रतिनिधि होइन यो? हामीलाई महामन्त्री बनाएको महाधिवेशन प्रतिनिधि होइन? त्यही महाधिवेशन प्रतिनिधि त हो नि। त्यही पार्टीको साथीहरू त हो नि। आउँछ नयाँ आउँछ, आउँदैन पुरानो साथीहरू हुनुहुन्छ। बस्नुहोस्, छलफल गर्नुहोस्। पार्टीको साथीहरूले भनेको कुरा त हो नि।

त्यसैले यो संघर्ष पार्टी, पार्टीको बारेको धारणा, पार्टी भनेको यहाँ कोही मालिक, कोही दास छैन। यहाँ सब बराबर छ। पार्टीको सदस्यहरूले आफ्नो हकको दाबी गरेको हो। आजबाट अघि नै महेश दाईले भन्नुभएको छ, आजबाट आजबाट नेपाली कांग्रेस पार्टीभित्र लामो समयदेखि जाम भएर बसेको, लामो समयदेखि पार्टीभित्र पार्टी सञ्चालनको जुन तरिका जसरी रह्यो आजबाट यो भत्कियो। अब कसैले यसलाई भोलि जोसुकै आओस्, कसैले पनि अब पार्टीको सदस्यलाई हेप्न सक्दैन अब। कसैले पनि सक्दैन अब। तल बस्ने सदस्यहरूलाई माथि बस्नेले अब निहुरिएर सलाम गर्नुपर्छ, जय नेपाल गर्नुपर्छ। तलबाट माथि होइन, किनकि यो पटक यो माथिले गरेको होइन, यो तलले गरेको हो। र तल बस्ने सदस्यहरूलाई पनि गाउँको साथीहरूले गर्न पठाउनुभएको हो, बदल्न पठाउनुभएको हो।

त्यसैले यो संघर्ष पार्टीभित्रको कुनै व्यक्ति बन्ने नबन्ने भन्ने संघर्ष होइन। पार्टी कसरी चलाउने भन्ने विषयसँग जोडिएको विषय पनि हो। यो विशेष महाधिवेशन भोलि यसको बन्द सत्र छ। यो कहाँ गएर टुङ्गिन्छ, मलाई थाहा छैन। यो नेपाली कांग्रेसको केन्द्रीय समितिले आयोजना गरेको भए मैले केन्द्रको महामन्त्रीको हैसियतबाट यो महाधिवेशनको एजेन्डा यो-यो छ, त्यसैले सम्भवतः यहाँ गएर टुङ्गिन्छ भनेर भन्न सक्थें होला। यो त सदस्यहरूले मागेर भएको महाधिवेशन हो। तपाईंहरूले माग्दै गर्दा के माग्नुभएको छ? 'नीति पनि बदल्ने, नेता पनि बदल्ने' भनेर माग्नुभएको छ। मैले मागेको होइन, तपाईंहरूले माग्नुभएको हो। यो कहाँ गएर टुङ्गिन्छ, मलाई थाहा छैन। किनकि म पनि तपाईंहरूले बोलाएर आएको एउटा पाहुना मात्र हुँ यहाँ आज। तपाईंहरूले आयोजना गर्नुभएको छ। भोलि अधिवेशनको हाउस बस्छ र 'हाउस विल डिसाइड' त्यो हाउसले डिसाइड गर्छ। जे डिसाइड गर्छ, मेरो लागि त्यो स्वीकार्य छ। मैले त्यसलाई मान्नुपर्छ, अर्को महामन्त्रीले भनिसक्नुभएको छ, उहाँले पनि त्यसलाई मान्नुपर्छ, हामी सबैले त्यसलाई मान्नुपर्छ। तपाईंहरूले जहाँ लगेर टुङ्ग्याउनुहुन्छ, त्यसमा केही पनि आपत्ति छैन। किनकि जति गर्नुभएको छ, मेरो लागि यो पनि ठुलो छ। मैले यसलाई पनि सम्मान गर्छु। किनकि तपाईंको यो प्रयासले नेपाली कांग्रेसको बारेमा एउटा कुरा स्थापित गरेको छ- कांग्रेस दास र लासहरूको पार्टी होइन, कांग्रेस जिउँदो मानिसहरूको पार्टी हो। कांग्रेसमा प्रश्न मरेको छैन। यहाँ कुनै 'बा' छैन जसले नबोल भन्दै गर्दा बोल्न छोड्ने कोही पनि छैन। यहाँ हामी सबै बराबर छौं। हामी सबै बराबर छौं।

यहाँ प्रश्नहरू छन्। जुन पार्टीभित्र प्रश्न मर्छ, त्यो पार्टीले समाजमा प्रश्न गर्न सक्दैन। जसले प्रश्न गर्न सक्दैन, त्यसले उत्तर पनि खोज्न सक्दैन। त्यसले समाधान पनि दिन सक्दैन। तपाईंको यो प्रयासले कांग्रेसलाई जिउँदो राखेको छ। जिउँदो कांग्रेसले बल्ल समाजको आफ्नो जिम्मेवारी पूरा गर्न सक्छ। त्यसैले फेरि एक पटक तपाईंहरू सबैलाई अभिनन्दन गर्न चाहन्छु। आदरणीय सभापति, मेरो श्रद्धेय नेता शेरबहादुर देउवालाई पनि यहीँबाट सम्झिएर सम्मान प्रकट गर्दै दुईटा कुरा मैले राख्नै पर्छ।

शेरबहादुर दाई, म यहाँ बस्दै गर्दा मैले समाचार पढें। केही पार्टीका श्रद्धेय नेताहरू अहिले बसेर छलफल गरिराख्नुभएको छ, मैले सुनें। कतिले के नेताहरूले के भनिराख्नुभएको होला भने (मेरो कसैप्रति कुनै व्यक्तिगत टिप्पणी छैन, प्रत्येक नेता मेरो लागि आदरणीय हुनुहुन्छ) तर पक्कै पनि नेताहरूले के भनिराख्नुभएको होला भने 'यी दुईटा महामन्त्रीले नचाहिने काम गरे, यी दुईटा महामन्त्रीले अराजनीतिक काम गरे, यी दुईटा महामन्त्री तपाईंलाई दुःख दिइरहेका छन्।' तर सम्झनुहोस्, भदौ १८ गते पनि यो दुईटा महामन्त्री तपाईंकैमा थिए। भदौ २२ गते पनि तपाईंकैमा थिए। भदौ २४ गते बिहान पनि सबैभन्दा पहिला तपाईंसँग सम्पर्क गर्ने यही दुईटा महामन्त्री थिए। भदौ २५ गते घटना भइसके पछाडि पनि सबैभन्दा पहिला वक्तव्य निकाल्ने, आँट गर्ने पनि यही दुईटा महामन्त्री थिए। र त्यसपछि तपाईंलाई आएर, घरमा आएर भेटेर- 'दाई, यो देशमा, यो प्रजातन्त्रको लागि तपाईंको ठुलो योगदान छ। तर समय आएको छ, अब तपाईंले छोडिदिनुपर्छ। समय आएको छ, अब तपाईंले आराम गर्नुपर्छ। समय आएको छ, तपाईंले अब बाटो प्रशस्त गरिदिनुपर्छ।'

इतिहासले पछि तपाईंको मूल्याङ्कन गर्दै गर्दा कति खराब कामहरू भए होलान्, त्यसलाई बिर्सनेछ। नेपाली समाज इमानदारीमा धेरै माथि छ। तपाईंलाई सम्झनेछ। सुदूरपश्चिमको एउटा गाउँबाट आएर नेपालको प्रजातन्त्रको लागि गरेको तपाईंको संघर्षलाई सम्झनेछ। तर अब तपाईंले छोडिदिनुपर्छ भन्दै गर्दा हामीलाई राखेर भन्नुभएको होइन, 'मंसिरभित्र अधिवेशन गर्नुहोस्, अब मैले कार्यवाहक दिएँ, मैले सबै कुरा छोडेर गएँ' भनेर भन्नुभएको होइन। त्यो गएको दिन कांग्रेस मात्र होइन, कांग्रेस भन्दा बाहिरको मानिसले पनि 'नेता हुन त शेरबहादुर देउवा जस्तो' भनेको होइन?

त्यसैले यो मञ्चमा बस्नेहरू तपाईंलाई माया नगर्नेहरू होइनन्। तपाईंलाई माया गर्नेहरू हुन्। तपाईंको चिन्ता गरेर, तपाईं प्रतिको सम्मान नघटोस् भनेर तपाईंलाई बारम्बार भनेका हुन् 'दाई, छोड्नुस् अब।' जसले घुमी-घुमीकन तपाईंलाई बोलाउन गए, वास्तवमा ती तपाईंलाई माया गर्ने मान्छे होइनन्। पार्टीको वरिष्ठ नेतालाई पनि सम्झन चाहन्छु। कतिले के भन्छन्- 'विशेष महाधिवेशन गर्नुभयो, गगनलाई सभापति बन्नु पऱ्यो।' विश्वप्रकाश शर्माले त १५औं महाधिवेशनको पनि सभापति बन्दिनँ, अहिले म केही पनि बन्दिनँ। विश्वप्रकाश शर्मालाई विशेष महाधिवेशन व्यक्तिगत रूपमा के चाहिएको छ? केही पनि चाहिएको छैन। मलाई कतिपयले भनिराख्नुभएको छ, मैले पार्टीको वरिष्ठ नेताको घरमा विश्वप्रकाश शर्मासँग गएर दुई हात जोडेर भनेको छु- 'आउनुस् दाइ, यो बेलामा पार्टीलाई नयाँ नेतृत्व चाहिएको छ, बन्ने भए त तपाईं बन्नुस्।' कार्यवाहक सभापतिको घरमा गएर भनेका छौं- 'आउनुस्, बन्नुस्।'

हामी, अघि कुरा भयो नि, हामी गणेशमान सिंहले प्रधानमन्त्री छोड्नुभएको पार्टीका गणेशमानका कार्यकर्ताहरू हौं। हामी बीपी कोइरालाका कार्यकर्ताहरू हौं, जसले प्रधानमन्त्री हुँदा-हुँदै जेलखानामा ८ वर्ष कोचिनु पर्दै गर्दा पनि 'अइया-अथ्या' भन्नुभएन। बीपी कोइरालाका कार्यकर्ताहरू हौं। एउटा पार्टीको सभापति बन्ने कुरा वा प्रधानमन्त्री बन्ने कुराले लोभ्याएर हामी साथीहरूलाई देशभरिका साथीहरूलाई आह्वान गर्न उभिएको होइन। हामी नागरिकहरू प्रतिको पार्टीको जिम्मेवारी बहन गर्नका निम्ति पार्टीलाई ठीक ठाउँमा उभ्याउनुपऱ्यो भनेर अधिवेशनको आह्वान गर्ने ठाउँमा पुगेका हौं। हामीले हाम्रा नेताहरूलाई यो कुरा बुझाउन सकेनौं भन्ने लाग्छ।

आदरणीय साथीहरू, आज पृथ्वी जयन्तीको दिन हो। यो नेपालका साना-साना राज्यलाई एकीकरण गर्ने राजा पृथ्वीनारायण शाहदेखि विसे नगर्चीसम्म सबै त्यो एकीकरणको अभियन्तालाई आज सम्झिने दिन पनि हो। यो भन्दै गर्दा कांग्रेसले आफ्ना पनि ती श्रद्धेय नेताहरूलाई सम्झनुपर्छ। किनकि नेपालको एकीकरण त्यहाँबाट प्रारम्भ भयो, तर नेपालको भावनात्मक एकीकरण नेपाली कांग्रेस पार्टीको स्थापना भएबाट प्रारम्भ भयो। यो नेपाली कांग्रेस पार्टीका अग्रजहरूले हिमाल, पहाड, तराई, सबै जातजाति, सबै धर्मका, सबै भाषाका नेपालीहरूलाई जोडेर त्यो 'नेपाली' भन्ने भावना नेपाली माटोमा स्थापित गरेको नेपाली कांग्रेसले हो। नेपाली कांग्रेस पार्टी स्थापना भएको बेलामा 'चुनाव लडौंला, चुनाव जितौंला, प्रधानमन्त्री बनौंला, मन्त्री बनौंला', २२-२५-२६ वर्षका केटाकेटीहरूले स्थापना गरेको पार्टी, कसैको मनमा पनि त्यो थिएन। कसैले त्यो चाहना राखेको पनि होइन। सबैको एउटा ठुलो सपना थियो- यो देशलाई अँध्यारोबाट बाहिर ल्याउने।

त्यसैले कांग्रेस चुनावबाट बनेको पार्टी होइन, कांग्रेस चुनावको लागि बनेको पार्टी होइन। कांग्रेस राष्ट्रिय शक्ति हो। राष्ट्रिय शक्ति र राष्ट्रिय पार्टीमा भिन्नता छ। राष्ट्रिय पार्टी चुनावले निर्धारण गर्छ- कति भोट ल्यायो, कति मत आयो। राष्ट्रिय शक्ति जिम्मेवारीले निर्वाह गर्छ। कांग्रेस राष्ट्रिय शक्ति हो। राष्ट्रिय शक्तिको अर्थ के हो? समाजमा जे समस्या उत्पन्न हुन्छ, त्यो समस्यालाई छाम्ने, त्यसलाई छिन्ने अनि त्यसलाई चिर्ने, त्यसलाई पर्गेल्ने, त्यसको हल खोज्ने राष्ट्रिय शक्तिको जिम्मेवारी हो। प्रत्येक पटक यही त गर्दै आएका छौं।

त्यसैले म आदरणीय महाधिवेशन प्रतिनिधि साथीहरूलाई अन्त्यमा आग्रह गर्छु- भोलिको समय छ, ठन्डा दिमागले सोचौं। तपाईंहरूले जे निर्णय गर्नुहुन्छ, त्यो निर्णयलाई स्वीकार गरेर जाने हो। म पार्टीका नेताहरू भोलिको कार्यक्रममा आउनुहुन्छ भन्ने अपेक्षा पनि राख्छु, तर आउने नआउने उहाँहरूको मर्जी। निर्णय गर्ने तपाईंहरूको मर्जी, तपाईंहरूले गर्ने हो। तपाईंहरूले गरेको निर्णयलाई मान्ने हो। हाम्रा सन्दर्भको बारेमा धेरै चिन्ता नगर्नुहोस्। कहिलेकाहीँ युद्ध जित्नको लागि लडाइँ हार्न पनि तयार हुनुपर्छ। लडाइँ हार्नुपर्छ, तयार छौं। कहिलेकाहीँ ज्वालालाई जागृत राखिराख्नका निम्ति आफू डढ्न पनि तयार हुनुपर्छ, डढ्न पनि तयार छौं। केको लागि? पार्टीलाई ठीक ठाउँमा उभ्याउनको लागि। नेपाली कांग्रेसलाई ठीक ठाउँमा उभ्याउनको लागि। किन? नेपाली कांग्रेस ठीक ठाउँमा उभिँदाखेरि बल्ल नेपाली कांग्रेसले यो देश प्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न सक्छ। हाम्रा लागि देश सबैभन्दा ठुलो कुरा हो। हाम्रा लागि यो देशका नागरिक सबैभन्दा ठुला कुराहरू हुन्। त्यो नागरिकको त्यो भावना, त्यसलाई सम्बोधन गर्नका लागि हाम्रो पार्टी नेपाली कांग्रेस पार्टीलाई ठीक ठाउँमा उभ्याउनका निम्ति यत्रो जोखिम मोलेर देशभरिका साथीहरू आउनुभएको छ। यो अवसर पनि हो, यो हाम्रा निम्ति ठुलो एउटा चुनौती पनि हो। रातोपाटी

> कांग्रेस चुनावबाट बनेको पार्टी होइन, कांग्रेस चुनावको लागि बनेको पार्टी होइन । कांग्रेस राष्ट्रिय शक्ति हो । राष्ट्रिय शक्ति र राष्ट्रिय पार्टीमा भिन्नता छ । राष्ट्रिय पार्टी चुनावले निर्धारण गर्छ- कति भोट ल्यायो, कति मत आयो । राष्ट्रिय शक्ति जिम्मेवारीले निर्वाह गर्छ । कांग्रेस राष्ट्रिय शक्ति हो । राष्ट्रिय शक्तिको अर्थ के हो ? समाजमा जे समस्या उत्पन्न हुन्छ, त्यो समस्यालाई छाम्ने, त्यसलाई छिन्ने अनि त्यसलाई चिर्ने, त्यसलाई पर्गेल्ने, त्यसको हल खोज्ने राष्ट्रिय शक्तिको जिम्मेवारी हो ।

# यो निर्वाचन आत्मसमर्पण नबनोस्, आत्मनिर्णय बनोस्



रोशन देव

नेपाल फेरि एउटा निर्णायक मोडमा उभिएको छ। देश निर्वाचनको संघारमा छ, तर यो केवल अर्को चुनावी मिति होइन। यो विगतका गल्ती, भ्रम र असफलतामाथि जनताले फैसला सुनाउने घडी हो। सडकमा असन्तोष पोखिएको छ, चियापसलमा निराशा गुञ्जिएको छ, सामाजिक सञ्जालमा आक्रोश उर्लिएको छ। तर अब प्रश्न उठ्छ- यो आक्रोश मतपेटिकासम्म पुग्छ कि फेरि भाषण र गुनासोमै सीमित रहन्छ ?

आजको नेपाल राजनीतिक रूपमा थाकेको छ। सरकारहरू फेरिन्छन्, गठबन्धन बन्छन् र भत्किन्छन्, तर शासन गर्ने संस्कार फेरिएको छैन। सत्ता सेवा होइन, सुविधा र सौदाबाजीको साधन बनेको छ। राजनीति विचार र दर्शनको क्षेत्र हुनुपर्ने ठाउँमा लेनदेन र भागबण्डाको खेल बनेको छ। जनतालाई मालिक होइन, संख्याको रूपमा हेरिन्छ। यही थकित र अविश्वासले भरिएको परिवेशमा आगामी निर्वाचन हुन गइरहेको छ।

सामान्य नेपालीको जीवन र राजनीतिक भाषणबीचको दूरी आज भयावह स्तरमा पुगेको छ। दैनिक उपभोग्य वस्तुको मूल्य आकासिएको छ, आम्दानी स्थिर छ। शिक्षित युवा बेरोजगार छन्, रोजगारीको खोजीमा पासपोर्ट बोकेर एयरपोर्ट धाइरहेका छन्। गाउँहरू खाली हुँदै गएका छन्, सहरहरू अव्यवस्थित बन्दै गएका छन्। स्वास्थ्य उपचार ऋणमा निर्भर छ, शिक्षा प्रमाणपत्रमा सीमित छ। तर यही देशमा विकास, समृद्धि र सुशासनका भाषणहरू थाकेका छैनन्। जनताको जीवन कठोर यथार्थमा अडिएको छ, नेताको भाषण काल्पनिक संसारमा घुमिरहेको छ। यही खाडल नै आजको राजनीतिक संकटको जड हो।

निर्वाचन नेपालमा क्रमशः चेतनाको अभ्यासभन्दा कर्मकाण्ड जस्तै बन्दै गएको छ। चुनाव आउँछ, झण्डा झुण्डिन्छ, नारा गुञ्जिन्छ, भोट हालिन्छ। तर चुनावपछि जनताले आफैंलाई सोध्दैनन् हामीले सही निर्णय गऱ्यौं कि गरेनौंरु पाँच वर्षपछि फेरि उही अनुहार, उही शैली, उही निराशा दोहोरिन्छ। लोकतन्त्र उत्सव होइन, थकानको चक्र बन्दै गएको छ। यही चक्र तोड्ने कि फेरि दोहोऱ्याउने भन्ने प्रश्नमा यो निर्वाचन उभिएको छ।

मतदान कुनै औपचारिकता होइन, यो शक्ति हस्तान्तरणको प्रक्रिया हो। यो एउटा गम्भीर राजनीतिक र नैतिक निर्णय हो। कसलाई राज्य सञ्चालनको जिम्मा दिने, कसलाई अस्वीकार गर्ने भन्ने निर्णय हो। तर दुर्भाग्यवश, मतदान अझै पनि धेरैका लागि बानी, डर, लोभ, जात, नाता वा क्षणिक भावनाबाट निर्देशित छ। विवेकबाट होइन, आदतबाट हुने मतदानले परिवर्तन होइन, पुनरावृत्ति जन्माउँछ।

अब सामान्य नेपालीले गम्भीर रूपमा सोच्नुपर्ने समय आएको छ। कसलाई भोट हाल्ने भन्ने प्रश्नभन्दा पहिला कसलाई भोट नहाल्ने भन्ने चेतना विकास गर्न जरुरी छ। पाँच वर्ष जनतासँग संवाद नगरेको नेता चुनावको मुखमा आएर मुस्कुराउनु मात्रले योग्य हुँदैन। सिद्धान्त र नीति बारम्बार त्यागेर सत्ता समीकरणमा रमाउने दललाई देशको भविष्य सुम्पिनु जोखिम हो। पैसा, प्रभाव, डर वा पहिचानको नाममा मत किन्ने प्रयास गर्ने उम्मेदवारले जनताको अपमान गरिरहेको हुन्छ। यस्ता प्रवृत्तिलाई अस्वीकार गर्नु नै लोकतन्त्रको रक्षा हो।

आजको राजनीतिमा विचारको गहिरो अभाव देखिन्छ। धेरै राजनीतिक शक्तिहरू न स्पष्ट दिशामा छन्, न दीर्घकालीन दृष्टिकोणमा। सत्ता नै अन्तिम लक्ष्य बनेपछि नीति र प्रतिबद्धता क्षणभरमै बदलिन्छ। यही कारण जनतामा सबै उस्तै हुन् भन्ने खतरनाक भ्रम फैलिएको छ। यो भ्रम सुविधाजनक देखिए पनि दीर्घकालीन रूपमा विनाशकारी छ। सबै उस्तै ठान्नु भनेको गलत र सहीबीचको भेद मेटाउनु हो। यसले अन्ततः जिम्मेवारीबाट भाग्ने संस्कार जन्माउँछ।

युवा पुस्ता आज आक्रोशित छ, प्रश्न गरिरहेको छ, परिवर्तन चाहिरहेको छ। यो सकारात्मक संकेत हो। तर आक्रोश मात्र पर्याप्त हुँदैन। सडकमा उठेको आवाज मतपेटिकामा नपुगेसम्म सत्ता संरचना बदलिँदैन। क्रान्तिकारी नारा संगठन, नीति र मतदानमा रूपान्तरण नभएसम्म परिवर्तन अधुरो रहन्छ। यो निर्वाचन युवाहरूका लागि परीक्षा हो भावनामा बग्ने कि विवेकमा निर्णय गर्ने, क्षणिक आकर्षण रोज्ने कि दीर्घकालीन सोच अपनाउने।

नेपालको राजनीतिमा जात, धर्म र क्षेत्रीय पहिचानको दुरुपयोग पुरानै रोग हो। यी पहिचानहरू आफैंमा समस्या होइनन्, तर जब ती मत बटुल्ने हतियार बन्छन्, तब राजनीति विभाजनको कारखाना बन्छ। समस्या समाधानको सट्टा डर र घृणा बेच्ने प्रवृत्तिले देशलाई अगाडि होइन, पछाडि धकेल्छ। मतदाताले सजग हुनुपर्छ जसले नागरिकलाई बाँड्छ, उसले भविष्य बनाउँदैन।लाखौं नेपाली विदेशमा छन्। उनीहरूले देशको अर्थतन्त्र धानेका छन्, तर राजनीतिक निर्णय प्रक्रियाबाट टाढा छन्। यो लोकतन्त्रको गम्भीर कमजोरी हो। तर देशभित्र रहेका नागरिकले आफ्नो अधिकार प्रयोग नगरी बस्नु भनेको विदेशिएका नेपालीको आवाजसमेत कमजोर पार्नु हो। मौनता पनि एक प्रकारको समर्थन हो गलत प्रवृत्तिको समर्थन।

मतदानपछि पनि नागरिकको जिम्मेवारी सकिँदैन। वास्तवमा जिम्मेवारी त्यहीँबाट सुरु हुन्छ। जसलाई जिताइयो, उसलाई निगरानी गर्नुपर्छ। प्रश्न गर्नुपर्छ। जवाफ माग्नुपर्छ। प्रतिनिधि जनताको सेवक हो, मालिक होइन भन्ने कुरा व्यवहारमै स्थापित गर्नुपर्छ। पाँच वर्षको मौनताले लोकतन्त्र कमजोर बनाउँछ, निरन्तर नागरिक चेतनाले मात्र बलियो बनाउँछ।

आगामी निर्वाचनमा मतपेटिकामा हालिने एउटा मत केवल एउटा सिटको निर्णय होइन। त्यो निर्णय हो, देश सही दिशामा जान्छ कि फेरि उही गोलचक्करमा फस्छ। युवा यहीँ भविष्य खोज्छ कि विदेशमै हराउँछ। राजनीति सेवा बन्छ कि फेरि व्यापार। अब निर्णय जनताको हातमा छ। परिवर्तन चाहने हो भने, मतदान पनि परिवर्तनकारी हुनुपर्छ।यो निर्वाचन आत्मसमर्पण नबनोस्, यो आत्मनिर्णय बनोस्।रातोपाटी

# बन्दसूचीमा रहेका ८५ जनाले नाम फिर्ता लिए




काठमाण्डु । प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएका विभिन्न राजनीतिक दलका ८५ उम्मेदवारले आफ्नो नाम फिर्ता लिएका छन् ।

आयोगले सोमबार बिहान १० बजेदेखि ४ बजेसम्म नाम फिर्ता लिने व्यवस्था गरेको थियो । प्रतिनिधिसभाको निर्वाचन आगामी फागुन २१ गते हुँदैछ । समानुपातिकतर्फ बन्दसूची पेस गरेका राजनीतिक दलका उम्मेदवार आफैँले वा उम्मेदवार उपस्थिति हुन नसकेको अवस्थामा वारेसले फिर्ता लिन पाउने व्यवस्था गरेको थियो ।

आयोगका अनुसार, जनमत पार्टी, नेकपा(एमाले), जनता समाजवादी पार्टी, नेपाली कम्युनिष्ट पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतका दलका तर्फबाट बन्द सूचीमा रहेका नाम फिर्ता लिइएको हो । जनता समाजवादी पार्टीको २१ जनाले नाम फिर्ता लिएका छन् भने जनमत पार्टीका तर्फबाट २० जनाले नाम फिर्ता लिएका छन् ।

जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीबीच हालै एकता भएकाले बन्दसूची मिलाउनका लागि केहीको नाम फिर्ता लिएर नयाँ व्यवस्थापन गरिएको सो दलले जनाएको छ । अन्तिमसूची सार्वजनिक हुँदा केही सङ्ख्या थप हुनसक्ने आयोगले प्रष्ट पारेको छ ।

समानुपातिक निर्वाचन प्रणालीतर्फ कूल ६४ राजनीतिक दलले बन्दसूची पेस गरेका थिए । यही पुस १३ र १४ गते बन्दसूची पेस गर्न आयोगले समय दिएको थियो । कूल २७५ सदस्यीय प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० र प्रत्यक्ष निर्वाचन प्रणालीबाट १६५ जना निर्वाचित हुने व्यवस्था छ ।रासस

# विशेष महाधिवेशनको स्वामित्व ग्रहण गर्न पार्टी नेतृत्वलाई आग्रह

**विशेष महाधिवेशनको सोमबारदेखि भृकुटीमण्डपमा जारी बन्द सत्रले आजै गठन गरेको निर्वाचन समितिले एक सूचनामार्फत कार्यतालिका सार्वजनिक गरेको हो । निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीकाअनुसार केन्द्रीय नेतृत्व निर्वाचनका लागि मंगलबार राति ९ बजेदेखि १ बजेसम्म मतदानको समय तोकिएको थियो ।**

काठमाण्डु । नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरद्वारा आयोजित विशेष महाधिवेशनको स्वामित्व ग्रहण गर्न पार्टी संस्थापनलाई आग्रह गरेको छ ।

कांग्रेस विशेष महाधिवेशनका प्रचारप्रसार समितिका संयोजक सुवास पोखरेलले केहीबेर अगाडि पत्रकार सम्मेलन गरी पार्टीलाई एकताबद्ध बनाएर अगाडि लैजानका लागि पार्टी संस्थापनलाई स्वामित्व ग्रहण गर्न आग्रह गर्नुभएको हो ।"महाधिवेशन प्रतिनिधि कांग्रेसको विधानको सर्वोच्च विधायक हुन्, विशेष महाधिवेशनले गरेको निर्णयलाई मानेर पार्टी अगाडि बढ्नुपर्छ, विशेष महाधिवेशनको स्वामित्व ग्रहण गर्नुपर्छ", उहाँले भन्नुभयो ।

प्रचारप्रसार समितिका संयोजक पोखरेलले पार्टी सभापतिले आफ्नो जिम्मेवारी छोड्नुपर्ने, विशेष महाधिवेशनको स्वामित्व ग्रहण गर्नुपर्ने र आगामी निर्वाचनमा सभापति उम्मेदवार बन्न नहुने बताउनुभयो । पार्टी नेतृत्वले महाधिवेशन प्रतिनिधिलाई हेप्ने काम गर्न नहुने उहाँको भनाइ थियो ।

उहाँले आन्तरिक लोकतन्त्रलाई बलियो बनाउन विशेष महाधिवेशनले ठूलो सहयोग पुगेको बताउनुभयो । आगामी दिनमा कांग्रेसभित्र भागबण्डाको अन्त्य हुने उहाँको भनाइ थियो ।

**निर्वाचन समितिद्वारा निर्वाचन कार्यतालिका सार्वजनिक**

नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरको आह्वानमा यही पुस २७ गतेदेखि यहाँ सुरु भएको विशेष महाधिवशेनबाट गठन भएको निर्वाचन समितिले नयाँ नेतृत्व चयनका लागि मंगलबार कार्यतालिका सार्वजनिक गरेको छ ।




विशेष महाधिवेशनको सोमबारदेखि भृकुटीमण्डपमा जारी बन्द सत्रले आजै गठन गरेको निर्वाचन समितिले एक सूचनामार्फत कार्यतालिका सार्वजनिक गरेको हो । निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीकाअनुसार केन्द्रीय नेतृत्व निर्वाचनका लागि मंगलबार राति ९ बजेदेखि १ बजेसम्म मतदानको समय तोकिएको थियो ।

सार्वजनिक कार्यतालिकामा दिउँसो १२:३० बजे मतदाता नामावली प्रकाशन गर्ने र मतदाता नामावलीमाथिको दाबी विरोध र छानविन १:३० बजेसम्म तोकिएको छ । त्यस्तै अन्तिम नामावली प्रकाशन दिउँसो २ बजे, उम्मेदवार मनोनयन दर्ता २ बजेदेखि ३ बजेसम्म र उम्मेदवारको नामावली प्रकाशन अपाह्न ४:३० बजे हुने कार्यतालिकामा उल्लेख छ ।

यसैगरी उम्मेदवारीमाथि दाबी विरोध साँझ ४:३० बजेदेखि ५ बजेसम्म, उम्मेदवारीमाथि दाबी विरोध छानविन साँझ ५ देखि ५:३० बजेसम्म, उम्मेदवारी मनोनयन फिर्ता ५:३० देखि ७:३० बजेसम्म र उम्मेदवारीको अन्तिम नामावली प्रकाशन ८:४५ बजे निर्धारण गरिएको जारी सूचनामा उल्लेख छ ।

**पुरानै विधानअनुसार निर्वाचन हुने**

नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरद्वारा आयोजित विशेष महाधिवेशनले पार्टीको पुरानै विधानअनुसार नेतृत्व चयन गर्नेभएको छ ।

नेपाली कांग्रेस विशेष महाधिवेशनद्वारा गठन गरेको निर्वाचन समितिले मंगलबार पत्रकार सम्मेलन गरी पार्टीको पुरानो विधानअनुसार निर्वाचन निर्वाचन गरी नेतृत्व चयन गर्न लागेको स्पष्ट गरेको छ ।

पार्टीको पुरानो विधानअनुसार एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री र एक सय २१ सदस्यको निर्वाचन हुने निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीले जानकारी दिनुभयो ।

विशेष महाधिवेशनले बनाएको कार्यविधिमा पाँच सदस्यीय निर्वाचन समिति रहने व्यवस्थाअनुसार वरिष्ठ अधिवक्ता केसीको संयोजकत्वमा समिति गठन गरेको थियो ।

निर्वाचन समितिका संयोजक केसीले मध्याह्न २:०० देखि ३:०० बजेसम्म उम्मेदवार मनोनयनको कार्यक्रम रहेको जानकारी दिनुभयो । नेपाली कांग्रेसको १४औं महाधिवेशनमा चार हजार ७४३ मतदाता रहेकामा निधन भएका र अन्य पार्टीमा प्रवेश गरेकाबाहेक हाल चार हजार ६३५ महाधिवेशन प्रतिनिधि छन् ।

**मनोनयन दर्ता शुल्क तोकियो**

नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरद्वारा आयोजित विशेष महाधिवेशनले निर्वाचनका लागि मनोनयनपत्र दर्ता शुल्क तोकिएको छ ।

कांग्रेस विशेष महाधिवेशन निर्वाचन समितिले पार्टीको विधानअनुसार निर्वाचनका लागि मनोनयनपत्र दर्ता शुल्क तोकेको हो । निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीले सभापति पदका लागि रु ३० हजार, उपसभापति र महामन्त्रीका लागि रु २५ हजार, सहमहामन्त्रीका लागि रु २० हजार र केन्द्रीय सदस्यका लागि रु १० हजार तोकिएको जानकारी दिनुभयो ।नेपाली कांग्रेसको १४औं महाधिवेशनमा चार हजार ७४३ मतदाता रहेकामा निधन भएका र अन्य पार्टीमा प्रवेश गरेकाबाहेक हाल चार हजार ६३५ महाधिवेशन प्रतिनिधि कायम छन् ।रासस

# नेपाली पत्रकारितामा गुणस्तर बृद्धि गर्न आवश्यकता छ : सञ्चारमन्त्री खरेल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपाली पत्रकारितामा गुणस्तर बृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

सूचना तथा प्रसारण विभागद्वारा मंगलबार आयोजित पत्रकारिता अध्ययनरत विद्यार्थीहरूका लागि अभिप्रेरणा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री खरेलले सत्य, तथ्य र विश्वसनियतासहित अध्ययन/अनुसन्धानमा आधारित व्यावसायिक पत्रकारिताको निम्ति आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, "पत्रकारिता पढेर र पत्रकारिता गरेर जिन्दगीलाई अगाडि बढाउन सम्भव छ, किनभने पहिला पत्रकारितामा प्रतिस्पर्धा पनि कम थियो, अवसर पनि कम थियो, निश्चित मानिसहरूको बीचमा मात्रै प्रतिस्पर्धा हुन्थियो, सामान्य मान्छे पनि अलिअलि मेहनत गरेर टेलिभिजनमा काम गर्न सक्थ्यो, तर अहिले अवसर पनि छ, प्रतिस्पर्धा पनि छ, प्रतिस्पर्धाको निम्ति पत्रकारले आफ्नो अध्ययन/अनुसन्धानलाई तीव्रता दिनुपर्छ ।"

नेपाली पत्रकारितामा टिकिराख्न सिर्जनात्मक, उत्कृष्ट वा भिन्न हुनुपर्ने सरकारका प्रवक्ता खरेलको भनाइ छ। उहाँले भन्नुभयो,



"अध्ययनबिन पत्रकारितामा केही बोल्न सकिँदैन, लेख्न पनि सकिँदैन, हामी सबै पत्रकारको कमजोरी भनेको कुनै पनि विषयमा अध्ययन/अनुसन्धान गर्दैनौं, व्यावसायिक पत्रकारिताका लागि अध्ययन/अनुसन्धान आवश्यक छ ।"

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले प्रविधिको प्रभावले स्रोत फराकिलो, सङ्कटमा पत्रकारिता, पत्रकारिताको पेसागत सुरक्षा इमान्दारिता खोजमूलक र जिम्मेवार पत्रकारिता जरुरी रहेको उल्लेख गर्नुभयो । प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार आचार्यले पत्रकारिताको योग्यता परीक्षण हुनुपर्ने बताउँदै विश्वसनीय र जिम्मेवार पत्रकारिताको आवश्यकता औँल्याउनुभयो । तीन दिनको तालिममा ४५ जना सहगागी छन् ।

**सुशासन कार्यान्वयन गर्न सानो प्रयास पनि पर्याप्त छ : सञ्चारमन्त्री खरेल**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सुशासन कार्यान्वयन गर्न धेरै खर्च नगरी सानै पहलमा पनि सुरुआत गर्न सकिने बताउनुभएको छ । उहाँले जेनजीको मुख्यमाग भनेकै सुशासन र भ्रष्टाचारविरुद्ध रहेको बताउँदै सबैले हरेक तहबाट राम्रो कामका थालनी गर्नुपर्ने बताउनुभयो । जिल्ला प्रशासन कार्यालय काठमाडौँमा मंगलबार निरीक्षणका क्रममा मन्त्री खरेलले जिल्ला प्रशासनले पछिल्लो समय गरेको प्रविधिमैत्री व्यवस्थाको प्रशंसा गर्नुभयो ।

जिल्ला प्रशासन कार्यालय काठमाडौँले हाल सेवाग्राहीलाई पब्लिक अनाउन्समेन्ट सिस्टम (पिएसस) लागू गरेको छ । यो प्रणाली लागू भएपछि सेवाग्राहीलाई सेवा लिन सहज भएको छ । प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलले सुशासन र नागरिक सरकारको भावनाअनुरुप पिएसस प्रणाली प्रभावकारी रहेको जानकारी दिनुभयो ।

उहाँले दुई वर्षअघि दुई घण्टा लगाएर आफ्नो छोरीको नागरिकता लिनुपरेको अनुभव सुनाउँदै अहिले प्रशासनबाट यो प्रणाली लागू भएपछि आधा घण्टामा सेवाग्राहीलाई नागरिकता प्रदान गर्न सकिएको बताउनुभयो । उहाँले यो प्रणाली देशभरिकै जिल्ला प्रशासनमा लागू गर्न सके नागरिकले सुशासनको अनुभूति गर्न सक्ने धारणा राख्नुभयो । सञ्चारमन्त्री खरेलले पिएसएस प्रणालीलाई देशव्यापी बनाउन मन्त्रिपरिषद्मा प्रस्ताव राख्ने बताउनुभएको छ । उहाँले जेनजी आन्दोलनमा जलेको जिल्ला प्रशासनको भवन निरीक्षण गर्नुभएको थियो ।रासस

# प्रधानमन्त्रीको प्रेस सल्लाहकारमा रावल नियुक्त

काठमाण्डु । सरकारले प्रधानमन्त्रीको प्रेस सल्लाहकारमा रामबहादुर रावल (बाजुरा) लाई नियुक्त गरेको छ। सोमबारको मन्त्रिपरिषद् बैठकले उहाँलाई सो पदमा नियुक्त गरेको हो ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता जगदीश खरेलले आगामी माघ २६ देखि २८ गतेसम्म इटलीको रोममा आयोजना हुने कृषि विकाससम्बन्धी कार्यक्रममा भाग लिनका लागि कृषि तथा पशुपन्छी विकासमन्त्री मदनप्रसाद परियारलाई स्वीकृति प्रदान गरेको जानकारी दिनभयो ।त्यस्तै आगामी माघ २६ देखि फागुन १ गतेसम्म मेक्सिकोमा आयोजना हुने एएमएल/सीएफटीको 'प्लेनरी तथा वर्किङ ग्रुप' बैठकमा सहभागी हुन अर्थ मन्त्रालयका सचिव (राजस्व) भूपाल बराललाई अनुमति दिएको छ ।

बैठकले दलितको हक अधिकार तथा विकाससम्बन्धी विधेयक' तर्जुमा गर्न सिद्धान्त



स्वीकृत गरेको छ । सरकारले आगामी माघ ६ र ७ गते चीनको सिजाङ्ग (ल्हासा) मा आयोजना हुने नेपाल-चाइना कोअर्डिनेशनसम्बन्धी तेस्रो बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा रामप्रसाद घिमिरेको नेतृत्वको नेपाली प्रतिनिधिमण्डललाई स्वीकृति दिएको छ ।

नेपाल न्याय सेवा, कानसुन समूहका राजपत्राङ्कित प्रथम श्रेणीका आठ जना अधिकृतहरूको सरुवा गर्ने र सोही सेवाका राजपत्राङ्कित द्धितीय श्रेणीका आठ जना अधिकृतहरूलाई सम्बन्धित समूहको राजपत्राङ्कित प्रथम श्रेणीमा पदस्थापन गर्ने सरकारको निर्णय छ ।

म्यानमारमा भइरहेको तेस्रो चरणको निर्वाचनमा अन्तरराष्ट्रिय निर्वाचन पर्यवेक्षकको रूपमा आगामी माघ ९ देखि १२ गतेसम्म सहभागी हुन निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधारलाई स्वीकृति दिएको छ ।सरकारले समस्याग्रस्त सङ्घसंस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीसम्बन्धी कार्य गर्ने व्यवस्थापन समितिको सदस्य उद्धवप्रसाद तिमल्सेनाको राजीनामा स्वीकृत गर्ने र उक्त पदमा मधुकर राना (ललितपुर)लाई मनोनयन गरेको छ ।रासस


## Invitation for Bids

**Madhesh Province Government**
**Ministry of Health and population**
**Province Health Logistic Management Center**
**Janakpurdham, Dhanusha**

**Invitation for Bids No: MP/PHLMC/NCB/GOODS-2/2082-83**

**Date of publication: 14th January 2026**

1. The Ministry of Health and population, Province Health logistic Management Center invites electronic bids from eligible bidders for The Procurement and Supply of Medicine for Basic & Emergency Service and under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistic Management Center, Madhesh Pradesh, Dhanusha, E-mail: phlmc.province2@gmail.com, or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank:** Rastriya Banijya Bank Limited
**Name of Office:** Province Health Logistic Management Center
**Office Code no.:** 3500717012
**Office Account no.:** 1000100200010000
**Rajaswa (revenue) Shirshak no.:** 14229
**Dharauti A/C no.:** 1220100202030000
**Bid Fee:** NRs. 5000/-

4. Pre-bid meeting shall be held at Province Health Logistic Management Center at 02:00PM, 29th January 2026
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon on 13th February 2026. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02:00 PM on 13th February 2026 at the office of Province Health Logistic Management Center. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 650000 /-, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 days)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission

## जापान-दक्षिण कोरिया शिखर सम्मेलनः
# अर्थतन्त्र र क्षेत्रीय चुनौतीमा केन्द्रित छलफल

एपी

नारा ।दक्षिण कोरियाली राष्ट्रपति ली जे म्युङले मङ्गलबार पश्चिमी जापानको ऐतिहासिक सहर नारामा जापानी प्रधानमन्त्री साने ताकाइचीसँग शिखर सम्मेलनका लागि भेटवार्ता गर्नुभएको छ ।

कहिलेकाहीँ तनावपूर्ण रहने द्विपक्षीय सम्बन्ध सुधार गर्ने लक्ष्यसहित आयोजित यस भेटमा व्यापार, क्षेत्रीय सुरक्षा तथा चीन र उत्तर कोरियाबाट उत्पन्न चुनौतीहरू प्रमुख एजेन्डा बनेका छन् । टोकियोले चीनसँग गहिरिँदो व्यापारिक र राजनीतिक विवादको सामना गरिरहेको पृष्ठभूमिमा यो भेटलाई महत्त्वपूर्ण रूपमा हेरिएको छ।

प्रधानमन्त्री ताकाइचीले पदभार ग्रहण गरेको केही महिनामै बलियो अनुमोदन मूल्याङ्कन प्राप्त गर्न सफल हुनुभएको छ, यद्यपि उहाँको दलसँग संसद्का दुई सदनमध्ये एउटामा मात्र बहुमत छ। त्यसैले यो शिखर सम्मेलनलाई उहाँका लागि राजनीतिक रूपमा पनि लाभदायक मानिएको छ । विश्लेषकहरूका अनुसार आगामी दिनमा थप सिट जित्ने उद्देश्यले उहाँले तुरुन्त चुनावको सम्भावना पनि केलाइरहनुभएको छ।



प्रधानमन्त्री ताकाइचीले राष्ट्रपति लीलाई आफ्नै गृहनगर नारामा आतिथ्य दिनुभएको हो । हरिण र शताब्दीयौँ पुराना बौद्ध मन्दिरहरूका कारण चिनिने नारा जापानको प्राचीन राजधानी हो। बुधबार प्रधानमन्त्री ताकाइचीले राष्ट्रपति लीलाई होरु मन्दिरको भ्रमण गराउने कार्यक्रम छ, जहाँ सातौँ शताब्दीको अन्त्य वा आठौँ शताब्दीको सुरुआतताका निर्माण भएका भवनहरू रहेका छन् । ती भवनहरू विश्वकै सबैभन्दा पुराना जीवित काठका संरचना मानिन्छन् र कोरियाली प्रायद्वीप हुँदै जापानमा बौद्ध धर्म प्रवेश गरेको ऐतिहासिक सन्दर्भलाई उजागर गर्छन् । सोही दिन राष्ट्रपति लीले जापानमा रहेका दक्षिण कोरियाली समुदायसँग पनि भेटघाट गर्ने कार्यक्रम छ।

जापान र कोरियाली प्रायद्वीपबीच सांस्कृतिक, धार्मिक र राजनीतिक सम्बन्ध पुरातन कालदेखि रहँदै आएको छ। तर आधुनिक इतिहासमा सन् १९१० देखि १९४५ सम्मको जापानी औपनिवेशिक शासनका कारण उत्पन्न विवादले दुवै देशको सम्बन्ध पटक-पटक तनावग्रस्त बनाएको छ । सोमबार नारामा पुगेकी प्रधानमन्त्री ताकाइचीले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै एक हजार ३०० वर्षभन्दा लामो साझा इतिहास र सांस्कृतिक आदानप्रदान रहेको प्राचीन राजधानी नारामा भेट हुँदा दक्षिण कोरियासँगको सम्बन्धलाई अगाडि बढाउने अपेक्षा व्यक्त गर्नुभएको थियो।

मङ्गलबारको वार्तामा दुई देशबीचको व्यापार, चीन र उत्तर कोरियाबाट देखिएका चुनौती तथा आपसी विश्वास सुदृढ गर्ने विषयमा केन्द्रित छलफल हुने अपेक्षा गरिएको छ । जापान र दक्षिण कोरिया दुवै संयुक्त राज्य अमेरिकाका प्रमुख सहयोगी राष्ट्र भएकाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अप्रत्याशित कूटनीतिसँग कसरी अघि बढ्ने भन्ने विषय पनि छलफलमा पर्नेछ। साथै, दुवै देश रक्षा खर्च बढाउन अमेरिकाको दबाबमा रहेका छन्।

राष्ट्रपति ली गत साता चिनियाँ नेता सी जिनपिङसँग भेटवार्ता गर्न बेइजिङ जानुभएको थियो । त्यही बेला चीनले जापानमाथि आर्थिक र राजनीतिक दबाब बढाउँदै सियोललाई नजिक्याउने प्रयास गरिरहेको बताइएको छ । उक्त भ्रमणका क्रममा उहाँले जापानसँगको सम्बन्ध चीनसँगको सम्बन्ध जत्तिकै महत्त्वपूर्ण रहेको उल्लेख गर्दै दक्षिण कोरियाको मेलमिलाप क्षमतामा सीमितता रहेको धारणा व्यक्त गर्नुभएको थियो।

जापानको एनएचके टेलिभिजनसँगको अन्तर्वार्तामा राष्ट्रपति लीले दक्षिण कोरियाको ट्रान्स-प्यासिफिक पार्टनरसिपअन्तर्गत १२ सदस्यीय व्यापक तथा प्रगतिशील सम्झौतामा सहभागिताका लागि जापानी समर्थन चाहेको बताउनुभयो। साथै, फुकुसिमा दाइची आणविक दुर्घटनापछि प्रभावित जापानी क्षेत्रबाट आयातमा लगाइएको प्रतिबन्ध हटाइने भए पनि दक्षिण कोरियाली जनताबीच स्वास्थ्यसम्बन्धी चिन्ताका कारण समय लाग्न सक्ने उहाँको भनाइ छ। उहाँले जापान र अमेरिकासहित त्रिपक्षीय सुरक्षा सहकार्यप्रति पनि चासो देखाउँदै गहिरो आपसी विश्वास नै सबैभन्दा महत्त्वपूर्ण विषय भएको स्पष्ट पार्नुभयो।

बढ्दो अमेरिका-चीन प्रतिस्पर्धा र उत्तर कोरियाको तीव्र रूपमा अघि बढिरहेको आणविक कार्यक्रमजस्ता साझा चुनौतीका कारण हालका वर्षहरूमा सियोल र टोकियोबीचको सम्बन्ध सुधार हुँदै आएको छ। सुरुमा प्रधानमन्त्री ताकाइचीको सुरक्षा-बाज छविका कारण राष्ट्रपति लीसँग सहकार्यमा आशङ्का गरिएको थियो । तर हालसम्म दुवै नेताले ऐतिहासिक मतभेदलाई अलग राख्दै व्यावहारिक सहकार्यमा जोड दिँदै आउनुभएको छ।

मिडिया रिपोर्टहरूका अनुसार ऐतिहासिक विवादमा प्रत्यक्ष छलफल नहुने सम्भावना भए पनि सन् १९४२ मा दुर्घटनामा परी प्रायः कोरियाली जबरजस्ती मजदुरसहित १८० कामदारको ज्यान गएको पश्चिमी जापानको एक पुरानो अन्डरसी खानी क्षेत्रबाट अवशेष पुनः प्राप्त गर्ने विषयमा सम्भावित मानवीय सहयोगबारे छलफल हुनसक्ने बताइएको छ।

# ‘दशौँ राष्ट्रिय खेलकुदको तयारी गर्नुस्, हामी सघाउँछौँ’

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले युवा तथा खेलकुदमन्त्री बब्लु गुप्तालाई दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा लाग्न अनुरोध गर्नुभएको छ।




खेलकुदमन्त्री गुप्तासहितको प्रतिनिधि मण्डलसँग आज सुर्खेत वीरेन्द्रनगरस्थित आफ्नै कार्यकक्षमा भएको छलफलमा मुख्यमन्त्री कँडेलले प्रतियोगितको मिति मात्र तोकेर नहुने भन्दै सङ्घीय सरकारले आफ्नोतर्फबाट तयारी गर्न सुझाव सुझाउनुभयो। उहाँले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णालीमै गर्न प्रदेश सरकार तयार रहेको र प्रतियोगितालाई सफल बनाउनसमेत पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

छलफलमा उहाँले सङ्घीय सरकारले पटकपटक मिति तोके पनि अहिलेसम्म प्रतियोगिताको पूर्वतयारी नगरेकोमा असन्तुष्टि जनाउनुभयो । उहाँले भन्नुभयो, “तपाईहरू खेलकुद खेलाउने गरी आउनुस्, हाम्रोतर्फबाट पूर्ण सहयोग रहन्छ तर पटकपटक मिति तोकेर नागरिकलाई भुक्याउने काम नगर्नुस् । अहिलेसम्म खेलका लागि चाहिने सामान खरिद प्रक्रियासमेत गर्नुभएको रहनेछ । अब एक महिनामा कसरी खेल खेलाउने गरी तयारी गर्नुहुन्छ।”

मुख्यमन्त्री कँडेलले खेलकुदका लागि चाहिने सामाग्रीसमेत खरिद नगरेको भन्दै फागुनमा कसरी खेल खेलाउनुहुन्छ भन्ने प्रश्नसमेत मन्त्री गुप्तालाई गर्नुभयो । उहाँले कर्णालीमा खेल उद्घाटन गरेर अन्तै खेलाउने काम गरेमा प्रदेश सरकारले स्वीकार नगर्ने जिकिर गर्नुभयो । पटकपटक मिति तोकेर खेल नगराउने तर प्रदेश सरकारको जिम्मा छोड्ने कामले जनतालाई ढाट्ने काम भइरहेको उहाँको भनाइ थियो।

युवा तथा खेलकुदमन्त्री गुप्ताले दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको आवश्यक तयारी भइरहेको बताउँदै प्रदेश सरकारलाई सहयोगका लागि आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, “हामी प्रतियोगिता सञ्चालनको तयारी गरिरहेका छौँ। खेल सम्पन्न गर्न प्रदेश सरकारको विशेष भूमिका चाहिन्छ।” उक्त छलफलमा वन तथा वातावरण र भौतिक पूर्वाधार तथा यातायातमन्त्री माधवप्रसाद चौलागाई र राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताको सहभागिता रहेको थियो।रासस

# ग्रिनल्यान्डबारे अमेरिकी आक्रमणको जोखिम जर्मनीले न्यून ठान्यो




एएफपी

वासिङ्टन । जर्मनीका शीर्ष कूटनीतिज्ञले सोमबार डेनमार्कको स्वायत्त क्षेत्र ग्रिनल्यान्ड कब्जा गर्ने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बारम्बारको धम्कीका बाबजुद त्यहाँ अमेरिकी आक्रमणको सम्भावनालाई न्यून आकलन गरेका छन्।

राष्ट्रपति ट्रम्पले वर्षौंदेखि आर्कटिक क्षेत्रमा अवस्थित ग्रिनल्यान्डलाई खरिद गर्ने वा अमेरिकामा विलय गर्ने विचार सार्वजनिक रूपमा व्यक्त गर्दै आउनुभएको छ। यसै साता उहाँले संयुक्त राज्य अमेरिकाले ‘कुनै न कुनै तरिकाले’ यो क्षेत्र आफ्नो नियन्त्रणमा लिने भन्दै अभिव्यक्ति दिएपछि कूटनीतिक तनाव थप चुलिएको छ।

ट्रम्पले एकपक्षीय सैन्य कदम चाल्न सक्ने सम्भावनाबारे सोधिएको प्रश्नमा जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले आफूसँग ‘यसलाई गम्भीरताका साथ लिइरहेको कुनै सङ्केत नभएको’ स्पष्ट पार्नुभयो। अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँगको भेटपछि पत्रकारहरूसँग कुरा गर्दै उहाँले आर्कटिक क्षेत्रमा उत्पन्न हुने सुरक्षा चुनौतीहरू सबैको साझा चासोको विषय भएको बताउनुभयो।

“म विश्वास गर्दछु कि आर्कटिक क्षेत्रमा देखिने सुरक्षा सम्बन्धी विषयहरू समाधान गर्न साझा चासो छ र हामीले त्यस दिशामा काम गर्नुपर्छ र गर्नेछौँ”, मन्त्री वाडेफुलले भन्नुभयो। उहाँका अनुसार नेटो यस विषयमा थप ठोस योजनाहरू विकास गर्ने प्रक्रियामा छ, जसबारे अमेरिकी साझेदारहरूसँग छलफल गरिनेछ।

यो अभिव्यक्ति यसै हप्ता वासिङ्टनमा अमेरिकी विदेशमन्त्री रुबियो, डेनमार्क र ग्रिनल्यान्डका शीर्ष कूटनीतिज्ञहरूबीच हुने वार्ताअघि आएको हो। यसैबीच, ग्रिनल्यान्डको सरकारले सोमबार पुनः स्पष्ट गर्दै ‘कुनै पनि परिस्थितिमा’ अमेरिकी अधिग्रहण स्वीकार नहुने जनाएको छ।

अमेरिकी काङ्ग्रेसका सदस्यहरूले पनि सोमबार जारी गरेको विज्ञप्तिमा स्विट्जरल्यान्डको डाभोसमा आयोजना हुने विश्व आर्थिक मञ्चमा सहभागी हुने क्रममा एक प्रतिनिधिमण्डल शुक्रबार र शनिबार कोपेनहेगन जाने जानकारी दिएका छन् । डेमोक्रेटिक सिनेटर क्रिस कुन्सले विज्ञप्तिमा प्रतिनिधिमण्डलले व्यापारिक तथा सरकारी नेताहरूसँग भेट गरी ‘आर्कटिक सुरक्षालाई सुदृढ पार्ने र बलियो व्यापारिक सम्बन्ध प्रवर्द्धन गर्ने’ विषयमा छलफल गर्ने बताउनुभयो।

त्यसैगरी, रिपब्लिकन सिनेटर थोम टिलिसले काङ्ग्रेसले सहयोगी राष्ट्रहरूको समर्थन गर्नु र डेनमार्क तथा ग्रिनल्यान्डको सार्वभौमिकताको सम्मान गर्नुमा एकजुट हुनु अत्यन्त आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो।

ग्रिनल्यान्ड र नाटोले सोमबार नै आर्कटिक क्षेत्रको रक्षा प्रणाली थप बलियो बनाउन संयुक्त रूपमा काम गरिरहेको जानकारी दिएका छन् । यही सुरक्षा चासोलाई उद्धृत गर्दै राष्ट्रपति ट्रम्पले आर्कटिक क्षेत्रमा बढ्दो रूसी र चिनियाँ गतिविधिलाई ग्रिनल्यान्डमाथि अमेरिकाको नियन्त्रण आवश्यक हुने कारणका रूपमा बारम्बार उल्लेख गर्दै आउनुभएको छ।

# उत्सर्जन कटौती सुस्त हुँदा फ्रान्सको जलवायु लक्ष्य सङ्कटमा

एएफपी

पेरिस । फ्रान्सले सन् २०२५ मा लगातार दोस्रो वर्ष पनि हरितगृह ग्यास उत्सर्जन कटौतीको गति कायम राख्न नसकेको देखिएको छ। मङ्गलबार सार्वजनिक गरिएको सरकार-आयोगसँग सम्बन्धित एक अस्थायी पूर्वानुमानअनुसार देशले प्रतिज्ञा गरेका जलवायु लक्ष्यहरू पूरा गर्ने मार्गबाट बाहिरिँदै गएको सङ्केत देखिएको छ।



फ्रान्सको इकोलोजी मन्त्रालयका लागि देशको ग्रिनहाउस ग्यास सूची तयार पार्ने गैर-नाफामूलक संस्था सिटेपाका अनुसार सन् २०२५ मा उत्सर्जन अघिल्लो वर्षको तुलनामा १.६ प्रतिशतले घट्ने अनुमान गरिएको छ। यसले करिब ५८ लाख टन कार्बन डाइअक्साइड बराबरको कमी जनाउँछ । तर सिटेपाले यो कमी सन् २०३० का लक्ष्य हासिल गर्न आवश्यक पर्ने गतिभन्दा निकै कम भएको र पछिल्ला वर्षहरूमा देखिएको मन्दीलाई थप लम्ब्याएको जनाएको छ।

फ्रान्स सरकारले डिसेम्बरमा सन् २०५० सम्म कार्बन तटस्थता हासिल गर्ने अद्यावधिक मार्गचित्र सार्वजनिक गरेको थियो । सो लक्ष्यअनुसार सन् २०३० सम्म पुग्न प्रत्येक वर्ष औसतमा ४.६ प्रतिशतका दरले उत्सर्जन घटाउनुपर्ने आवश्यकता छ। तर हालको प्रवृत्तिले त्यो लक्ष्य पूरा गर्न कठिन हुँदै गएको देखिन्छ।

यसअघि फ्रान्सले सन् २०२२ मा ३.९ प्रतिशत र सन् २०२३ मा ६.८ प्रतिशतले उत्सर्जन कटौती गर्न सफल भएको थियो । तर सन् २०२४ मा यो दर उल्लेखनीय रूपमा घट्दै १.८ प्रतिशतमा सीमित रह्यो। सिटेपाले सुरुमा सन् २०२५ का लागि मात्र ०.८ प्रतिशत कटौतीको अनुमान गरेको थियो । तर पछिल्ला तथ्याङ्क र गणना विधिहरूको अद्यावधिकले पूरै वर्षका लागि ‘ अझ सही’ अनुमान सम्भव भएको संस्थाले जनाएको छ।

उद्योग, कृषि र यातायातजस्ता उच्च उत्सर्जन गर्ने क्षेत्रमा केही सुधार देखिएको भए पनि ऊर्जा उत्पादन र फोहोर प्रशोधन क्षेत्र भने प्रायः स्थिर अवस्थामा रहेको सिटेपाको भनाइ छ। यी क्षेत्रहरूलाई कम कार्बनतर्फ रूपान्तरण गर्नु फ्रान्सजस्ता औद्योगिक देशहरूका लागि ठूलो चुनौती बनेको छ। फ्रान्सलाई कम कार्बन भविष्यतर्फको सङ्क्रमणमा नेतृत्व गर्ने प्रमुख अर्थतन्त्रका रूपमा हेरिँदै आएको छ।


## Invitation for Bids

**Madhesh Province Government**

**Ministry Of Education And Culture**

**Janakpurdham, Dhanusha**

**Invitation for Bids No: MOEC/NCB/WORKS/2082-083/8**

**1st Date of publication: 14-jan-2026**

1. Ministry Of Education And Culture, janakpurdham Dhanusha has allocated funds towards the cost of Construction of modular kitchen in madhesh province in various government schools and intends to apply part of the funds to cover eligible payments under the Contract for Construction of modular kitchen in madhesh province in various government schools, MOEC/NCB/WORKS/2082-083/8. Bidding is open to all eligible as per Section V of bidding document.
2. Ministry Of Education And Culture, Janakpurdham, Dhanusha invites sealed bids or electronic bids from eligible bidders for the construction of Modular Kitchen In Madhesh Province In Various Government Schools. under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

   **Only eligible bidders with the following key qualifications should participate in this bidding:**
   - Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: NRs18,99,00000.00
   - Minimum Work experience of similar size and nature: At Least One RCC with Truss Structure Building Amounting to Minimum of 15,19,00,000.00
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Ministry Of Education And Culture, Janakpurdham, Dhanusha or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
5. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document fee of 20,000 in the account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:**

   **Name of the Bank:** Rastriya Banijay Bank Ltd.

   **Name of Office :** Ministry Of Education and Culture.

   **Office Code no. :** 3500017012


   **Account no.:** 1000100200010000

   **Rajaswa (revenue) Shirshak no. :**14229
6. Pre-bid meeting shall be held at Ministry Of Education and culture, Janakpurdham Dhanusha at 1:00 Pm, 4th –Feb-2026.
7. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00PM on 13-Feb-2026. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM 13-feb-2026 at the office of Ministry Of Education and Culture, Janakpurdham, Dhanusha. Bids must be valid for a period of 120 Days from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 65,80,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# एनसेलले प्रधानमन्त्रीलाई बुझाए पत्र

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको दूरसञ्चार क्षेत्र पछिल्ला वर्षहरूमा नीतिगत अन्योल, नियामकीय असमानता र लगानीको अनिश्चितताबाट गुज्रिरहेको छ । यही पृष्ठभूमिमा एनसेल आजियाटा लिमिटेडले प्रधानमन्त्रीलाई विस्तृत पत्र बुझाउँदै आफ्ना गुनासा, कानूनी तर्क र सुधारका मागहरू औपचारिक रूपमा राखेको छ । पत्रको मूल सार एउटै छः समान प्रकृतिका सेवा प्रदायकहरूबीच फरक-फरक व्यवहार, विशेष गरी अनुमतिपत्र नवीकरण, व्याज, शेयर स्वामित्व र नियामकीय सर्तका विषयमा भएको विभेदले दूरसञ्चार सेवाको निरन्तरता, विदेशी लगानीको सुरक्षा र उपभोक्ताको हकलाई जोखिममा पारेको छ ।



पत्रमा एनसेलले आफ्नो २१ वर्षको योगदान, कर तिरेको इतिहास, रोजगारी, डिजिटल नेपालमा खेलेको भूमिका र सेवा अवरोध भए मौलिक हकमा पर्ने असर स्मरण गराउँदै, सरकारका केही निर्णय र नियमावली संशोधनहरू कानूनको मर्म विपरीत, असमान र अन्यायपूर्ण भएको दाबी गरेको छ। प्रतिस्पर्धी नेपाल टेलिकमलाई नवीकरणमा व्याज नलिने तर एनसेललाई १० प्रतिशत व्याजसहित किस्ता तिराउन बाध्य पार्नु, शेयर स्वामित्व परिवर्तनमा रोक लगाउने शर्तले लगानीकर्ताको सम्पत्तिक हक कुण्ठित गरेको आरोप पत्रमा छ।

दूरसञ्चार सेवा अवरुद्ध हुँदा शिक्षा, स्वास्थ्य, व्यापार र सरकारी सेवामा प्रत्यक्ष असर पर्छ । १ करोडभन्दा बढी प्रयोगकर्ताको सेवा, अर्बौं राजस्व र हजारौं रोजगारी जोडिएको क्षेत्रमा नीतिगत अस्थिरता बढे सार्वजनिक हितमा गम्भीर जोखिम पर्न सक्छ । एनसेलको पत्रले उठाएको मुद्दा एउटा कम्पनीको मात्र नभई निष्पक्ष नियमन, लगानी सुरक्षा र उपभोक्ता हकसँग जोडिएको बहस हो।

एनसेलका अनुसार दूरसञ्चार सेवा केवल व्यवसाय होइन, सूचना तथा सञ्चारको मौलिक हकको आधार हो। सेवा अवरुद्ध हुँदा नागरिक अधिकार प्रभावित हुन्छ । त्यसैले नियमन निष्पक्ष, स्थिर र समान हुनुपर्छ। पत्रले सरकारलाई असमान व्यवहार सच्याउन, गैरकानूनी शर्त हटाउन, शेयर कारोबारलाई नियमनकारी प्रक्रियाबाट मान्यता दिन र अनुमतिपत्र नवीकरणमा समान मापदण्ड लागू गर्न आग्रह गरेको छ।

**एनसेलले उठाएका १६ बुदाले सरकारसाग नीतिगत पुनरावलोकन, समान व्यवहार र दिगो निकासको माग गर्छ। पत्रका १६ बुदाको सार यसप्रकार छः**

**१. राष्ट्र विकासमा योगदान**

एनसेलले २१ वर्षदेखि देशभर १ करोड ४० लाखभन्दा बढी नागरिकलाई दूरसञ्चार सेवा दिँदै आएको, ३ खर्ब ६० अर्ब रुपैयाँभन्दा बढी राजस्व राज्यलाई बुझाएको र प्रत्यक्ष-परोक्ष रूपमा हजारौंलाई रोजगारी दिएको उल्लेख गरेको छ।

एनसेलका अनुसार कम्पनीले हालसम्म करिब २ अर्ब रुपैयाँभन्दा बढी रकम कर्पोरेट सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च गरिसकेको छ । दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा, शैक्षिक सहयोग, वातावरण संरक्षण, विपद् पूर्वसूचना प्रणाली तथा राष्ट्रिय खेलकुद प्रतियोगिताको प्रायोजनमार्फत कम्पनीको योगदान केवल व्यवसायिक नभई सामाजिकसमेत रहेको दाबी गरिएको छ।

**२. विदेशी लगानीको सफल उदाहरण**

एनसेललाई नेपालमा सफल विदेशी लगानीको नमुना भन्दै यसले प्रविधि हस्तान्तरण, ज्ञान स्थानान्तरण र प्रतिस्पर्धामार्फत दूरसञ्चार सेवाको गुणस्तर बढाएको उल्लेख गरिएको छ । यस्तो सफलताले नेपालमा लगानी सुरक्षित छ भन्ने सन्देश अन्तर्राष्ट्रिय लगानीकर्तामा जाने कम्पनीको तर्क छ। पत्रमा यस्तो उदाहरणलाई कमजोर पार्ने हो भने भविष्यमा नेपालमा विदेशी लगानी भित्र्याउन गम्भीर कठिनाइ आउने चेतावनी दिइएको छ।

**३. सूचना र सञ्चारको मौलिक हक**

संविधानले सुनिश्चित गरेको सूचना तथा सञ्चारको हक कार्यान्वयनमा मोबाइल र इन्टरनेट सेवा आधार भएको भन्दै, एनसेलजस्ता सेवा प्रदायकको निरन्तरतामा समस्या आए नागरिकको मौलिक हक नै प्रभावित हुने चेतावनी दिइएको छ । बैंकिङ, डिजिटल भुक्तानी, सरकारी सेवा र आपतकालीन सूचनासमेत दूरसञ्चार सेवामै निर्भर रहेको उल्लेख पत्रमा गरिएको छ।

**४. जिम्मेवार कर्पोरेट नागरिक**

एनसेलले आफूलाई जिम्मेवार व्यावसायिक नागरिकका रूपमा प्रस्तुत गर्दै डिजिटल नेपाल लक्ष्यमा सहकार्य, निरन्तर लगानी र सेवा विस्तारमा प्रतिबद्ध रहेको उल्लेख गरेको छ। सरकारबाट सहजीकरण भए थप प्रविधि भित्र्याउन र ग्रामीण नेटवर्क विस्तार गर्न सहज हुने कम्पनीको भनाइ छ।

**५. दूरसञ्चार क्षेत्रको खस्कादो अवस्था**

पत्रमा दूरसञ्चार क्षेत्रको जीडीपी योगदान ४ प्रतिशतबाट १.५ प्रतिशतमा झरेको, अत्यधिक कर, ओटीटी सेवाको वृद्धि, महँगो फ्रिक्वेन्सी शुल्क र नीतिगत अनिश्चितताले कम्पनीहरूको आम्दानी घटेको उल्लेख छ । यसले दीर्घकालीन लगानी क्षमता कमजोर बनाइरहेको भन्दै पत्रमा चिन्ता व्यक्त गरिएको छ।

**६. मन्त्रिपरिषद् निर्णय पुनरावलोकन**

मन्त्रिपरिषद्को२०८०/११/०६ र २०८१/०५/१३ को निर्णयअनुसार नेपाल दूरसञ्चार प्राधिकरणले एनसेलको मोबाइल सेवा अनुमतिपत्र पाँच वर्षका लागि नवीकरण गर्दा कडा वित्तीय तथा संरचनात्मक शर्तहरू तोकियो। यी निर्णय र शर्तहरू गैरकानुनी, अन्यायपूर्ण र लगानीमैत्री वातावरणविपरीत भएको दाबी गर्दै दूरसञ्चार सेवाको निरन्तरता, भविष्यको सुनिश्चितता र विदेशी लगानी संरक्षणका लागि निर्णय पुनरावलोकनको माग गरिएको छ।

**७. पूर्वस्वीकृति विवाद**

दूरसञ्चार नियमावली र विनियमावली अनुसार चुक्ता पूँजीको ५ प्रतिशतभन्दा बढी शेयर खरिद-विक्री गर्दा नेपाल दूरसञ्चार प्राधिकरणको पूर्व स्वीकृति आवश्यक हुन्छ । तर मलेसियाको स्टक एक्सचेञ्जमा सूचीकृत सार्वजनिक कम्पनी भएकाले सम्झौता भएपछि विवरण सार्वजनिक गर्नुपर्ने विदेशी कानूनी बाध्यता तथा विदेशी लगानी ऐन, २०७५ अनुसार ३० दिनभित्र उद्योग विभागमा जानकारी गराउनुपर्ने प्रावधानका कारण पूर्व स्वीकृति लिन व्यवहारिक रूपमा सम्भव भएन। तथापि सम्झौता पश्चात् तोकिएको म्यादभित्र उद्योग विभाग र प्राधिकरणमा स्वीकृतिका लागि निवेदन पेश गरिएको छ। यस्तो अवस्थामा खरिद-विक्री अस्वीकार गर्नु कानूनी मक्सद विपरीत र विदेशी लगानीकर्तालाई हतोत्साहित गर्ने भएकोले उपयुक्त नियमनकारी प्रक्रियाबाट सम्झौता स्वीकृत गर्न माग गरिएको छ।

**८. यथास्थितिमा परिवर्तन**

सरकारले उठाएका प्राविधिक, वित्तीय र व्यवस्थापकीय क्षमतासम्बन्धी प्रश्नहरू पछिल्ला दुई दशकको निरन्तर सेवा सञ्चालनबाट आफैं प्रमाणित भइसकेको एनसेलको दाबी छ। अनुभवी अन्तर्राष्ट्रिय व्यवस्थापन टोली ल्याएर सेवा सुधार गरिएको तथ्य पत्रमा प्रस्तुत गरिएको छ।

**९. अनुमतिपत्र नवीकरणकै प्रमाण**

सरकारले अनुमतिपत्र नवीकरण गरिसकेको अवस्थामा कम्पनीको क्षमता स्वीकार गरिसकेको मानिनुपर्ने तर्क गरिएको छ। यसपछि पनि क्षमता प्रश्न उठाइनु दोहोरो मापदण्ड भएको एनसेलको भनाइ छ।

**१०. कर दायित्व**

सेयर कारोबारपछि १ अर्ब ६९ करोडभन्दा बढी कर तिरेको र थप कर निर्धारण भए कानुनअनुसार तिर्न तयार रहेको प्रतिबद्धता व्यक्त गरिएको छ। कर नतिरेको भन्ने सार्वजनिक आरोपले कम्पनीको प्रतिष्ठामा क्षति पुगेको पत्रमा उल्लेख गरिएको छ।

**११. सम्पत्तिको मौलिक हक**

सेयर स्वामित्व परिवर्तनमा रोक लगाउनु संविधानले दिएको सम्पत्तिको हकमाथि ठाडो हस्तक्षेप भएको एनसेलको भनाइ छ। यसले लगानी सुरक्षामै प्रश्न उठाएको उल्लेख गरिएको छ।

**१२. विदेशी लगानी नीति विपरीत**

विदेशी लगानीसँग समान व्यवहार गरिने सरकारी नीति र अन्तर्राष्ट्रिय सम्झौताविपरीत निर्णय भएको आरोप पत्रमा गरिएको छ। यसले नेपालले अन्तर्राष्ट्रिय रूपमा गरेका प्रतिबद्धतामाथि प्रश्न उठ्ने अवस्था सिर्जना गरेको भनिएको छ।

**१३. नियमावलीको संशोधन**

दूरसञ्चार ऐनको मर्म विपरीत नियमावली संशोधन गरी विगतको लगानीमा असर पारिएको भन्दै यसलाई कानूनी राज्यको सिद्धान्तविपरीत भनिएको छ। लगानीपछि नियम बदलिनु अस्थिरताको संकेत भएको पत्रमा दाबी गरिएको छ।

**१४. असमान व्यवहार**

नेपाल टेलिकमलाई ब्याज नलिई अनुमतिपत्र नवीकरण गरिएको तर एनसेललाई १० प्रतिशत ब्याज लगाइएको भन्दै स्पष्ट विभेद भएको दाबी गरिएको छ। यसका कारण कम्पनीमाथि अर्बौं रुपैयाँको अतिरिक्त आर्थिक भार परेको पत्रमा उल्लेख छ।

**१५. एनसेलका मुख्य माग**

शेयर स्वामित्वसम्बन्धी शर्त, ब्याज र नियमावली संशोधन पुनरावलोकन गरी समान व्यवहार गर्न सरकारसँग आग्रह गरिएको छ। कम्पनीले विशेष सुविधा नभई समान नीति र व्यवहार मात्र मागेको स्पष्ट पारेको छ।

**१६. भविष्यका प्रतिबद्धता**

एनसेलले सेवा अविच्छिन्न राख्ने, नयाँ प्रविधिमा लगानी गर्ने, आईपीओमार्फत नेपाली स्वामित्व बढाउने र डिजिटल नेपाल अभियानमा सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ। अनुकूल वातावरण बने दीर्घकालीन लगानी, रोजगारी र सेवाको निरन्तरता सुनिश्चित हुने कम्पनीको निष्कर्ष छ।

## तीन पुस्तादेखि टमाटरखेतीः

# विदेशको विकल्प बनेको छ वीरेन्द्रको टमाटर व्यवसाय

जानकी । "मेरा दुई छोराहरु सात लाख रुपैयाँ ऋण झिकेर विदेश गए। उनीहरुलाई त्यो ऋण तिर्न दुई वर्ष लाग्यो। मैले पनि सात लाख नै ऋण झिकेर टमाटरखेती गरेँ । दुई महिनामै टमाटर बिक्री गरेर सबै ऋण तिरीसकेँ," बाँकेको खजुरागाउँपालिका-२, सि गाउँका किसान वीरेन्द्रप्रसाद मुराउ भन्नुहुन्छ, "तर मेरा छोराहरुले अझै ऋण तिर्दैछन्।"



वीरेन्द्रको यो भनाइले वैदेशिक रोजगारी र स्वदेशमै गरिएको व्यावसायिक कृषि बीचको आर्थिक अन्तर स्पष्ट देखाउँछ । तीन पुस्तादेखि निरन्तर टमाटरखेती गर्दै आएको मुराउ परिवारले आज आधुनिक प्रणाली अपनाएर खेतीलाई आम्दानीको बलियो आधार बनाएको छ।

वीरेन्द्रले यस वर्ष चार बिघा जग्गामा व्यावसायिक रुपमा टमाटरखेती गर्नुभएको छ। उहाँका अनुसार यसका लागि प्रारम्भिक लगानी करिब सात लाख रुपैयाँ पुगेको छ। "बीउ, मल, प्लास्टिक, सिँचाइ, मजदुरी र विषादीमा लगानी हुन्छ," उहाँले भन्नुभयो, "तर बजार राम्रो भयो भने दुई-तीन महिनामै लगानी उठ्छ।"

मङ्सिरको पहिलो सातादेखि टमाटर टिप्न सुरु गर्नुभएका वीरेन्द्रले हालसम्म करिब एक सय क्विन्टल टमाटर बिक्री गरेर साढे छ लाख रुपैयाँभन्दा बढी आम्दानी गरिसक्नुभएको छ। "अझै हजार क्विन्टलभन्दा बढी टमाटर टिप्न बाँकी छ," उहाँले भन्नुभयो, "सबै बिक्री भयो भने यो वर्ष मात्रै ६० देखि ७० लाख रुपैयाँसम्मको कारोबार हुने अनुमान छ।"

यस वर्ष टमाटरको बजार मूल्य प्रतिकेजी ७० रुपैयाँसम्म पुगेकाले किसानलाई ठूलो राहत पुगेको छ । "भाउ राम्रो हुँदा किसानको मेहनतको मूल्य पाइएको महसुस हुन्छ," वीरेन्द्रले भन्नुभयो । उत्पादन लागत घटाउन आधुनिक मल्चिङ प्रविधि प्रयोग गरिएको छ।

वीरेन्द्रका अनुसार टमाटरखेती कुनै नयाँ पेसा होइन । "०३६ सालदेखि बुबाले टमाटरखेती गर्दै आउनुभएको थियो। बुबाले परम्परागत तरिकाले टमाटरखेती गरेर नै तीन पुस्ताको परिवार चलाउनुभयो," उहाँले भन्नुभयो, "अब समय परम्परा खेती गर्ने समय रहेन । त्यसैले मेले यो खेती गर्न सुरु गरेदेखि नै आधुनिक प्रविधिबाट गर्दै आइरहेको छु।" बुबाको उमेर ढल्किएपछि विगत तीन वर्षदेखि वीरेन्द्रले खेतीलाई पूर्ण रुपमा सम्हाल्दै आउनुभएको छ । "मैले आधुनिक प्रणाली अपनाएँ," उहाँले भन्नुभयो, "त्यसपछि उत्पादन पनि बढ्यो, लागत घट्यो र आम्दनी उल्लेख्य भयो।"

गत वर्ष पनि वीरेन्द्रले पाँच लाख १० हजार रुपैयाँ ऋण लिएर टमाटरखेती गर्नुभएको थियो। "भदौमा लिएको ऋण दुई महिनामै तिरेँ," उहाँले भन्नुभयो। टमाटरखेतीबाट भएको नाफाले उहाँले टमाटर ढुवानी र बिक्रीका लागि अटोसमेत खरिद गर्नुभएको छ । "पहिले भाडाको साधन खोज्नुपर्थ्यो, अहिले आफ्नै साधन छ । मैले टमाटर ओसारपसार गरेर बिक्रीका लागि एउटा अटो किनेको छु," उहाँको भनाइ छ।

टमाटरखेतीले केवल परिवारको आम्दानी बढाएको छैन, स्थानीय रोजगारी पनि सिर्जना गरेको छ । "यो खेतीमा १० देखि २० जनासम्म मजदुर चाहिन्छ," वीरेन्द्रले भन्नुभयो, "दैनिक ज्यालामा काम पाउँदा गाउँकै मानिसलाई फाइदा पुगेको छ।" सरकारबाट प्राप्त अनुदान र प्राविधिक सहयोगले खेतीलाई थप सहज बनाएको उहाँको भनाइ छ।

"प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत सम्बन्धित निकायले मेरो खेतीको निरीक्षण गरेको थियो," उहाँले भन्नुभयो । मल्चिङ सामग्री र खेत जोत्नका लागि रोटाभेटर उपलब्ध भए लागत अझै घट्ने उहाँको बुझाइ छ । वीरेन्द्रले सरकारको अनुदान सही सदुपयोग गर्न सके किसान आत्मनिर्भर बन्न सक्ने बताउनुहुन्छ। "अनुदान दुरुपयोग होइन, उत्पादन बढाउनेतर्फ प्रयोग गर्नुपर्छ," उहाँको सुझाव छ ।आफ्ना छोराहरु विदेश गएको सन्दर्भमा उहाँ भावुक हुँदै भन्नुहुन्छ, "नेपालमा केही गर्न सकिँदैन भनेर उनीहरु गए। तर किन सकिँदैन रु गरे आफ्नै नेपालमा, आफ्नै खेतबारीमा सुन फलाउन सकिन्छ।"

आगामी वर्ष वीरेन्द्रले टमाटरखेतीको क्षेत्रफल चार बिघाबाट बढाएर १० बिघा पुर्‍याउने लक्ष्य लिनुभएको छ। "दश बिघा खेती गर्दा दैनिक करिब २० जनालाई रोजगारी दिन सकिन्छ," उहाँले भन्नुभयो। सुरुमा ऋण माग्दा नपत्याउनेहरुले हिजोआज आफूलाई ऋण दिन नहिच्किचाउने बताउनुभयो । विदेशी रोजगारसँग तुलना गर्दै उहाँ भन्नुहुन्छ, "विदेशमा चार लाख कमाउन एक वर्ष लाग्छ, तर टमाटरखेतीबाट मैले १० दिनमै पाँचदेखि छ लाख रुपैयाँ कमाएको छु।" रासस

# इनफिनिक्सले नेपालमा एक्सपेड २० प्रो ल्यायो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल इनफिनिक्सले नेपालमा आफनो नाया ट्र्यावलेट एक्सप्याड २० प्रो आधिकारीक रुपमा सार्वजनिक गरेको छ। ठुलो स्क्रिन,राम्रो प्रर्दशन र स्मार्ट फिचरको संयोजनसहित यो टयाब्लेट पढाई,अफिसको काम र मनोरंजन सबैका लागि उपयुक्त बनाइएको छ।




एक्सप्याड २० प्रो मा १२ इन्चको टुके डिस्प्ले र ९० हर्ज रिफ्रेस रेट रहेको छ,जसले भिडीयो हेर्दा,पढ्दा वा गेम खेल्दा स्क्रिन निकै स्मूथ र क्लियर देखिन्छ। टियुभी रेहिनलेन्ड आइ केयर सर्टिफिकेसन भएकाले लामो समय प्रयोग गर्दा पनि आखालाई थकाई हुदैन । त्यसैले विद्यार्थी,अफिस जानेहरु र परिवार सबैका लागि उपयोगी छ।

यस ट्र्यावलेटमा हेलीओ जी १०० अल्टीमेट प्रोसेसर जडान गरिएको छ,जसले एकैचोटी धेरै काम गर्न,गेम खेल्न र दैनिक प्रयोगमा राम्रो परफर्मेन्स दिन्छ। इनविल्ट फोरजी सर्पोट भएकाले वाइफाइ नभए पनि जहासुकै इन्टरनेट चलाउन सकिन्छ । एक्सप्याड २० प्रो मा इनफिनिक्स एआई पनि दिइएको छ। यसले लेख्न सहयोग गर्ने,अनुवाद गर्ने,लामो समाग्री छोटयाएर देखाउने र स्क्रिनमा देखिएको कुरा चिन्ने जस्ता स्मार्ट कामहरु सजिलै गर्न मद्दत गर्छ।

मनोरंजनका लाग यस ट्र्याब्लेटमा ४ स्पिकर सिम्फनी सिस्टम जडान गरिएको छ,जसले चलचित्र,गेम र संगीतका लागि वास्तविक ३६० डिग्री साउन्ड अनुभव प्रदान गर्छ । साथै ६ दसमलव ५८ एमएम अल्ट्रा स्लिम मेटल युनिवडी डिजाइनले प्रिमियम लुक र हातमा मजबुत अनुभूति दिन्छ । यो ट्र्याबलेटले मल्टी डिभाइस कोलाव्रेसन पनि सपोर्ट गर्छ,जसबाट मोवाईल र ट्र्याब्लेटबीच फाइल सेयर गर्न ,स्क्रिन कास्ट गर्न र कामलाई अझ सजिलो बनाउन सकिन्छ। यो एक्सप्याड नेपालमा दुई भेरियन्टमा उपल्वध भएको छ जसमध्ये ४ जीवी रेम र १२८ जीवी स्टोरेज रहेकोलाई २६ हजार ९सय ९९ र ८ जीवी रयाम र २ सय ५६ जीवी स्टोरेजको ३१ ह्जार ९ सय ९९ मुल्य रहेको छ । यो टयावलेट देशभरिका अधिकृत इनफिनिक्स स्टोरहरुमा पाइनेछ। एक्सप्याट माफर्त इनिफिनिक्सले ठुलो स्क्रिन,सर्माट एआइ फिचर ,प्रिमियम डिजाइन र उचित मुल्यलाई एउटै ट्र्यावलेटमा ल्याएको छ ,जसले शक्तिशाली तर बहुउपयोगी ट्र्याबलेट खोज्ने प्रयोगकर्तालाई आकर्षित गर्नेछ।

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

### जग्गा नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गाविस औरैया बडा नं. २ हाल ईशनाथ न.पा.-२ मा बस्ने बेचु पंडित कुम्हारको छोराबुहारी रामअश्रे पंडित कुम्हारको छोरी बंगाली पंडित कुम्हारको कान्छी श्रीमती कृष्ण कुमारी देवीले आफ्नो पति/सौता नाता पर्ने बंगाली पंडित कुम्हार र अनर्वा कुम्हैनको नाउँमा बेग्ला बेग्लै नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको एकलौटी नामसारी माँग गरेकोमा मोठ भिडान हुदाँ मोठ कायम रही रोक्का नदेखिएको मोठफाँटबाट लेखिआएको साथै ईशनाथ ना.पा-२ को चलानी नं. ४५१ मिति २०८२/०९/०८ गतेको सिफारीसमा मुल पुरुष दर्तवाला बंगाली पंडित कुम्हार मिति २०८२/०१/३० गतेमा प्रलोक भई निजको नजिकको हक खाने हकदार हुई २ मात्र पत्नि मध्ये जेठी अनर्वा कुम्हैनको दाम्पत्यबाट छोराछोरी नभई निज निशन्तान अवस्थामा मिति २०७५/०८/१० गतेमा प्रलोक भई निजहरुको हकखाने नजिकको हकदार १ एक मात्र कान्छि पत्नि/सौता नाता पर्ने कृष्ण कुमारी देवीको नाउँमा नामसारी गरी दिने बारे सिफारिस उल्लेखित जग्गाको नामसारी सम्बन्धी हकदावी बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनि मिति २०८२/०९/२२ गतेको आदेश बमोजिम सो को हकदावी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, अन्य कसैलाई असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रितपुर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम माग बमोजिम नामसारी भै जाने छ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | औरैया | १ | ११३० | ०-२-० | बंगाली पंडित कुम्हार |
| रौतहट | औरैया | २ख | १११८ | ०-०-४-८ | औरैया-२ |
| रौतहट | औरैया | १ | १२४८ | ०-२-५ | बाबु- बेचु पंडित कुम्हार |
| रौतहट | औरैया | ८ | ३२६ | ०-१-१२ | बाजे- हलखोरी पंडित |
| रौतहट | औरैया | ८ | १२७२ | ०-१-१० | |
| रौतहट | औरैया | ८ | १२७९ | ०-१-५ | |
| रौतहट | औरैया | १ | ३३२ | ०-२-० | |
| रौतहट | औरैया | १ | ११३३ | ०-१-० | |
| रौतहट | औरैया | १ | २०२५ | ०-३-० | |
| रौतहट | औरैया | १ | १००२ | ०-२-५ | अनर्वा कुम्हैन<br>औरैया-२<br>बाबु- दखारी पंडित कुम्हार<br>बंगाली पंडित कुम्हार |

## मटिहानी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

धिरापुर, महोतरी

मधेश प्रदेश, नेपाल

### जग्गा लिलामीको १५(पन्द्र) दिने सूचना

(दोस्रो पटक प्रकाशन मिति :- २०८२/०९/३० गते)

यस नगरपालिका अन्तर्गत मटिहानी बाजार ठेक्का वापत कबोल गरेको रकम पटक पटक तर-ताकेता गर्दा नगरपालिकाको राजश्व रकम चुक्ता नगरेकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिन भित्रमा तपसिलमा उल्लेखित ठेक्कादारलाई यो अन्तिम मौका समावेश गर्नका लागि दिइने ३५ दिने सूचनाको म्याद समेत आजकै मितिवाट प्रारम्भ हुनेछ। नगरपालिकाले आफ्नो अधिकार प्रयोग गरी लिलाम बिक्रि गर्ने भएकोले उक्त लिलाममा डाक बढाबढ गरी लिन चाहने इच्छुक महानुभावहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (अथार्त मिति २०८२/१०/१५ गते) उक्त दिन बिदा परेमा सोको भोलिपल्ट वा लगतै कार्यालय खुलेको दिनको विहान ११:०० बजे यस कार्यालयमा उपस्थित भई आफैंले सकार गर्न चाहेको मूल्यमा बोल-कबोल गर्नुहुन् यसै सूचनाद्वारा आह्वान गरिन्छ।

लिलाम बढाबढमा सबभन्दा बढी रकम कबोल गर्ने व्यक्तिले कबोल रकमको १० प्रतिशत रकम मटिहानी नगरपालिका कार्यालयको नाममा रहेको मटिहानी नगरपालिका, धिरापुर, मटिहानी स्थित माछापुच्छ्रे बैंक लि.मा रहेको धरौटी खाता नं. ग-३ ०६०००६०८६९३०००४१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्नेछ। बोलकबोल स्वीकृत रकम सूचना दिएको ३४ दिन भित्रमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी रकम जफत हुनेछ। लिलामी स्वीकार वा अस्वीकार गर्ने, लिलामी सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहनेछ।

**तपसिल**

| जग्गाधनीको नाम | जिल्ला | साबिक गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| राम कैलाश यादव<br>मटिहानी न.पा.-०३ | महोत्तरी | धिरापुर | ६क | ४२४ | ०-१-१५ | |

**संरक्षणको विवरण**: मटिहानी न.पा.-३ मा बस्ने चौबे यादवको नाती श्याम यादवको छोरा राम कैलाश यादव नाउँमा भूमिसुधार तथा मालपोत कार्यालय, जलेश्वर, महोत्तरीमा दर्ता स्रेस्ता कायम रहेको।

**प्रमुख प्रशासकीय अधिकृत**
**मटिहानी नगरपालिका**

# उपमहानगरले फुटपाथ खाली गराउन थाले



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले फुटपाथ अतिक्रमण हटाउने काम सुरु गरेको छ ।

धार्मिक तथा पर्यटकीय नगरीको पहिचान जोगाउँदै पैदल यात्रु, तीर्थालु र पर्यटकको आवतजावत सहज बनाउन उपमहानगरपालिको नगर प्रहरी मार्फत फुटपाथ खाली गराउँदै अभियान तीव्र पारेको हो ।

उपमहानगरपालिकाले यसअघि सूचना जारी गर्दै स्वेच्छिक रूपमा फुटपाथ खाली गर्न उद्योगी, व्यापारी तथा व्यवसायीलाई आग्रह गरेको थियो ।

सूचनाको समयावधि सकिएपछि नगर प्रहरीले विभिन्न स्थानमा फुटपाथमा राखिएका पसल, ठेला तथा अस्थायी संरचना हटाउन थालिएको जनाइएको छ । सो क्रममा व्यवसायीहरुले फुटपाथमा राखिएका सामाग्री उठाएर लगेका छन् ।

उपमहानगरपालिकाका अनुसार फुटपाथ सर्वसाधारणको हिँडडुलका लागि निर्माण गरिएको भए पनि अतिक्रमणका कारण पैदल यात्रुहरू सडकमा हिँड्न बाध्य भएका थिए । यसले दुर्घटनाको जोखिम बढाउनुका साथै नगरको सौन्दर्यीकरणमा समेत असर पुगेको थियो ।

नगर प्रहरीले फुटपाथ खाली गराउने क्रममा व्यापारीहरूलाई आफ्नै निजी हाताभित्र व्यापार-व्यवसाय सञ्चालन गर्न निर्देशन दिएको छ । अभियानमा अवरोध नगरी सहयोग गर्न उपमहानगरपालिकाले सबै व्यवसायी तथा सर्वसाधारणलाई आग्रह समेत गरेको छ ।

उपमहानगरपालिकाले नगर क्षेत्रलाई अतिक्रमणमुक्त बनाउँदै 'धार्मिक, सांस्कृतिक तथा पर्यटकीय समृद्ध नगर जनकपुरधाम' निर्माण गर्ने लक्ष्यअनुसार यस्ता अभियान निरन्तर चलाइने जनाएको छ ।

# गरुडा नगरपालिकामा बजेट विवाद

**गरुडा नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि ६९ करोड २६ लाख १७ हजार ३६७ रुपैयाँको बजेट प्रस्तुत गरे पनि प्रत्येक वडालाई मात्र ४० लाख रुपैयाँको विकास बजेट सिलिङ दिइएको भन्दै वडा अध्यक्षहरुले आपत्ति जनाएका छन् ।**

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिकामा बजेट विनियोजन र योजना प्रक्रियालाई लिएर गम्भीर विवाद उत्पन्न भएको छ ।

नगर प्रमुख कन्थमणि जैसवालले योजना सम्बन्धी कुनै जानकारी नदिई जनप्रतिनिधिबाट रेडबुकमा जबरजस्ती हस्ताक्षर गराउने गरेको आरोप स्वयं निर्वाचित वडा अध्यक्षहरूले लगाएका छन् ।

नगरसभा हुँदा औपचारिक भाषण मात्र हुने र त्यसपछि कुन योजनामा कति बजेट छुट्याइएको हो भन्ने जानकारी नदिई रेडबुकमा हस्ताक्षर गराइने गरेको गरुडा नगरपालिका-८ का वडा अध्यक्ष राम बशिष्ठ यादवले आरोप लगाएका छन्। "मेयर बाहेक कसैलाई योजना र बजेटबारे थाहा हुँदैन," यादवको दाबी छ ।

उनका अनुसार २०७९ को निर्वाचनपछि सुरुवाती समयसम्म अवस्था सामान्य भए पनि गत आर्थिक वर्षदेखि जनप्रतिनिधिलाई अन्यौलमा राख्दै बलपूर्वक हस्ताक्षर गराउने प्रवृत्ति बढेको छ। नौ वटै वडा र उपमेयरको बजेट सिलिङ अत्यन्तै न्यून राखी अधिकांश बजेटको नियन्त्रण मेयर स्वयंले लिने गरेको आरोप उनीहरूले लगाएका छन् ।

योजनामा पछि मनपरी रकमान्तर गरी बढी फाइदा हुने क्षेत्रमा बजेट सार्ने गरिएको दाबी पनि वडा अध्यक्ष यादवको छ। यसैबीच नगरपालिकामा कुन योजना सम्पन्न भयो, कुन अधुरो छ र कुनको भुक्तानी बाँकी छ भन्ने विषयमा स्पष्टता माग्दै वडा नम्बर ८ कार्यालयले नगर कार्यपालिकासँग औपचारिक रूपमा विवरण माग गरेको छ ।



वडा कार्यालयले आर्थिक वर्ष २०८१/०८२ मा नगरसभाबाट पारित नगरस्तरीय तथा वडा १ देखि ९ सम्मका योजनामध्ये सञ्चालनमा रहेका, भुक्तानी भइसकेका र भुक्तानी बाँकी रहेका सबै योजनाको विस्तृत विवरण माग गरेको हो ।

गरुडा नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/०८३ का लागि ६९ करोड २६ लाख १७ हजार ३६७ रुपैयाँको बजेट प्रस्तुत गरे पनि प्रत्येक वडालाई मात्र ४० लाख रुपैयाँको विकास बजेट सिलिङ दिइएको भन्दै वडा अध्यक्षहरूले आपत्ति जनाएका छन् ।

पूर्व मेयर इन्दु राय यादवको कार्यकालमा नगरको समानीकरण बजेट ११ करोड हुँदा पनि प्रत्येक वडालाई १ करोड ५ लाख रुपैयाँको सिलिङ दिइएको स्मरण गराउँदै यादवले भने, "यस वर्ष समानीकरण बजेट १३ करोड ४० लाख हुँदा पनि वडालाई न्यून बजेट दिनु अन्याय हो ।"

वडा कार्यालयको कदमले नगरपालिकाको योजना कार्यान्वयनमा पारदर्शिता र जवाफदेहिता कमजोर रहेको संकेत गरेको स्थानीय जनप्रतिनिधिहरूको भनाइ छ । जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने योजना तथा कार्यक्रम सार्वजनिक नहुनु गम्भीर विषय भएको उनीहरूको ठहर छ ।

यता, गरुडा नगरपालिकाका योजना प्रमुख रामानन्द सहनीले वडा अध्यक्ष यादवको निवेदनका आधारमा केही दिनभित्र सूचना अधिकारीमार्फत लिखित जानकारी उपलब्ध गराइने बताए। बजेट सिलिङको विषयमा आफूलाई जानकारी नभएको उनले प्रतिक्रिया दिएका छन् ।

नगर प्रमुख कन्थमणि जैसवालले भने सम्पूर्ण आरोप अस्वीकार गर्दै नगरसभामा सबै जनप्रतिनिधिको सहमतिमा पारदर्शी रूपमा बजेट बाँडफाँड भएको दाबी गरेका छन् । उनले बिस्तृत जानकारी चाहिएमा नगरपालिकामा आएर कुरा गर्नुस् भन्दै पन्छिएका छन् ।

उल्लेखनीय छ गरुडामा मेयर जैसवालको कार्यकाल सुरुवात देखिनै आर्थिक कारोबार माथि पटक पटक बिवाद हुँदै आएको छ । नगरपालिकाको मेयर पदमा उनी निर्वाचित भएपनि अन्य ब्यक्तिको ईशारामा नगर हाँक्ने काम हुँदैआएको स्थानीयहरूले गुनासो गर्दै आएका छन ।

# राराब क्याम्पस प्रमुखलाई तीनदिने अल्टिमेटम



**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि जनकपुरधामस्थित राराब क्याम्पसमा प्रशासनिक लापरवाही, आर्थिक अनियमितता र पदको दुरुपयोग भइरहेको आरोप लगाउँदै संयुक्त विद्यार्थी संगठनले क्याम्पस प्रशासनलाई तीन दिने अल्टिमेटम दिएको छ ।

मंगलबार क्याम्पस प्रशासनलाई बुझाएको सो ज्ञापनपत्रमा बिबिए शाखामा कार्यरत सहायक कम्प्युटर अपरेटर दिपु कुमार राईले त्रिभुवन विश्वविद्यालयको आधिकारिक एडमिन पोर्टलको दुरुपयोग गरी क्याम्पस गेट नजिकै रहेको आफ्नै निजी 'डिभ्यांशु स्टेशनरी एण्ड कम्युनिकेसन' मार्फत विद्यार्थीहरूबाट गैरकानुनी रूपमा रकम असुली गरेको आरोप लगाइएको छ ।

उक्त विषय पुष २२ गते सामाजिक सञ्जाल तथा सार्वजनिक माध्यममार्फत सार्वजनिक भएको दाबी गरिएको छ । ज्ञापनपत्रमा यस प्रकारको कार्यलाई संस्थागत भ्रष्टाचार, प्रशासनिक अपराध तथा विद्यार्थी अधिकारमाथिको आक्रमणका रूपमा व्याख्या गरिएको छ ।

क्याम्पस प्रमुख तथा सम्बन्धित निकायको मौनताका कारण यस्ता अनियमितता थप मौलाउँदै गएको भन्दै विद्यार्थी संगठनले गम्भीर आपत्ति जनाएको छ । संयुक्त विद्यार्थी संगठनले क्याम्पस प्रशासनसमक्ष पाँच बुँदे माग अघि सारेको छ ।

सहायक कम्प्युटर अपरेटर राईलाई प्रदान गरिएको सम्पूर्ण एडमिन पोर्टल तत्काल खारेज गरी जिम्मेवारीबाट हटाउनुपर्ने, २०८१ सालको परीक्षामा सहभागी ३९ जना विद्यार्थीको परिणाम प्रकाशन नहुनुको समस्या तुरुन्त समाधान गर्नुपर्ने, सम्बन्धित शाखाको काम सम्बन्धित शाखामै हुने व्यवस्था मिलाउनुपर्ने, नियमित कक्षा सञ्चालन तथा शिक्षकहरूको अनिवार्य उपस्थितिको व्यवस्था सुनिश्चित गर्नुपर्ने लगायतका माग विद्यार्थीहरुले गरेका छन् ।

विद्यार्थी संगठनले चेतावनी दिँदै तीन दिनभित्र मागहरू कार्यान्वयन नभए चरणबद्ध आन्दोलन, क्याम्पस प्रशासन घेराउ तथा कडा संघर्षका कार्यक्रम घोषणा गर्ने जनाएको छ । आन्दोलनका क्रममा उत्पन्न हुने सम्पूर्ण परिस्थितिको जिम्मेवारी क्याम्पस प्रशासनले लिनुपर्ने चेतावनी समेत दिइएको छ ।

ज्ञापनपत्रमा नेविसंघ, लोविसंघ, अनेरास्ववियु, अखिल क्रान्तिकारी, समाजवादी विद्यार्थी युनियन र जनमत विद्यार्थी संघका एकाइ अध्यक्ष तथा प्रतिनिधिहरूको संयुक्त हस्ताक्षर रहेको छ ।

# आन्दोलनको बलमा सरकारले बेवास्ता गऱ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । एमाले नेता सरोज यादव नेतृत्वको सरकार अवैधानिक हो भन्दै खारेजीको माग गर्दै गरिएको आन्दोलनका क्रममा गम्भीर घाइते भएका एक आन्दोलनकारीलाई हालको प्रदेश सरकारले बेवास्ता गरेको आरोप लगाइएको छ ।

आफ्नो उपचारमा लागेको रकम उपलब्ध गराउन त के आन्दोलनको बलमा बनेको मधेश सरकार एकपटक सोधखोज पनि नगरेको आरोप घाइते आन्दोलनकारीले लगाएका हुन् ।

तत्कालीन अवस्थामा एमालेका सरोज यादवको नेतृत्वमा गठन भएको सरकार अवैधानिक रहेकाले खारेज गर्नुपर्ने भन्दै गरिएको सात दलीय गठबन्धनको आन्दोलनका क्रममा लोसपाका कार्यकर्ता रामेश्वर मण्डल प्रहरीको कुटाइबाट गम्भीर घाइते भएका थिए ।

नवनियुक्त मुख्यमन्त्री सरोज यादवले लिन लागेको पदबहाली कार्यक्रम रोक्न कांग्रेस, जनमत पार्टी, जसपा नेपाल, लोसपा, नेकपा (एकीकृत समाजवादी) लगायत सात दलले जनकपुरधाममा गरेको विरोध प्रदर्शनका क्रममा प्रहरीको लाठीचार्जबाट मण्डलको खुट्टा भाँचिएको थियो । गम्भीर अवस्थामा रहेका उनलाई सुरुमा प्रादेशिक अस्पताल जनकपुरधाममा भर्ना गरिएको भए पनि त्यहाँ उपचार सम्भव नभएपछि काठमाडौंस्थित ट्रमा सेन्टरमा रेफर गरिएको थियो ।

ट्रमा सेन्टरमा समेत उपचार सम्भव नभएपछि उनलाई ग्राण्डी अस्पतालमा भर्ना गरियो। पछि पुनः ट्रमा सेन्टरमै लगेर खुट्टाको अपरेशन गरिएको थियो। सामान्य किसान रहेका मण्डलले उपचारका लागि ऋण-सापटी लिएर हालसम्म अढाई लाख रुपैयाँभन्दा बढी खर्च गरिसकेका छन् ।

गत दुई महिनादेखि पूर्ण बेडरेष्टमा रहेका मण्डलले प्रदेश सरकारले आन्दोलनकारीप्रति चरम बेवास्ता गरेको गम्भीर आरोप लगाएका छन् । "जुन आन्दोलनको बलमा सात दलीय गठबन्धनले कांग्रेसका कृष्ण यादवको नेतृत्वमा सरकार गठन गऱ्यो, त्यही सरकारका मुख्यमन्त्रीसहित कुनै पनि प्रतिनिधिले उपचार खर्च उपलब्ध गराउनु त के, एक पटक फोन गरेर स्वास्थ्य अवस्थाबारे सोधखोजसमेत गरेका छैनन्," उनले दुःखेसो पोखे ।

उनका अनुसार ग्राण्डी अस्पतालका डा. ओममूर्तिले ल्याब परीक्षण र चेकजाँचमा केही सहयोग नगरेको भए उपचार खर्च तीन लाख रुपैयाँभन्दा बढी पुग्ने थियो । खुट्टा अपरेशनले गर्दा उनी अहिले बैशाखी लिएर हिलडुल गरिरहेका कारण कुनै काम पनि गर्न नसकिरहेका कारण उनलाई परिवार धान्न धौ धौ परेको छ ।



"अहिले लिएको ऋण तिर्न मुस्किल भइरहेको छ, परिवार पाल्न ठूलो समस्या परेको छ," मण्डलले भावुक हुँदै भने । उनले भने मुख्यमन्त्री कांग्रेसका हुन, तर आफ्नै पार्टी लोसपाबाट मन्त्री बनेकी रानीशर्मा तिवारी समेतले सहयोग त फोन गरेर हालखबर पनि सोधेको गुनासो गरे ।

सो आन्दोलनको क्रममा प्रदर्शनकारीहरु तर्फ मण्डलसहित लोसपाका मधेश प्रदेशका प्रमुख सचिव रामविनोद चौधरी (पप्पु), बिधान झा (नेकांका प्रमुख सचेतक कुमरकान्त झाका छोरा), वीरेन्द्र यादव, ज्ञानेन्द्र झा 'ज्ञानु', सौरभ चौधरी, वीरेन्द्र मण्डल, बजरंग साह, रामेश्वर मण्डल, देवेन्द्र कुमार यादव, नविन कुमार झा, अजय पण्डित, अजय कुमार राउत, जयप्रकाश झा, आदर्श मण्डल, मुकेश झा र पत्रकार सुरेन्द्र यादवलगायत घाइते भएका थिए ।

मुख्यमन्त्री आवासमा निवर्तमान मुख्यमन्त्री सोनल रहेकाले यादव होटेलमा बसेका छन् । कार्तिक २३ गते मुख्यमन्त्री नियुक्त भएका यादव कार्तिक २४ गते बिहान बर्दिवासस्थित एउटा होटेलमा सपथग्रहण गरेपछि विवादमा परेका थिए । तत्कालिन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले उनलाई संविधानको धारा १६८(३) बमोजिम मुख्यमन्त्री नियुक्त गरेपछि विपक्षी सात दल आक्रोशित बनेका छन् ।

मुख्यमन्त्री सरोज कुमार यादवलाई दीर्घकालीन असर पर्ने कुनै कार्य नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरेको अवस्थामा पदबहाली गर्न खोज्दा विवाद भएको थियो ।

# बैंक खाता खोल्न महिलाको भीड

**टुडे समाचारदाता**

रौतहट । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति नजिकिँदै जाँदा मतदाता प्रभावित गर्ने गतिविधि सुरु भएको आशंका देखिएको छ ।

निर्वाचनको अझै ५० दिनभन्दा बढी समय बाँकी रहँदा रौतहटको कटहरिया नगरपालिकामा महिलाहरूको ठूलो संख्यामा बैंक खाता खोल्ने गतिविधि बढेको छ । कटहरियास्थित एनआईसी एसिया बैंक शाखामा पछिल्ला दिनहरूमा महिलाहरूको अस्वाभाविक भीड देखिएको छ ।



स्थानीय स्रोतका अनुसार एक जना जनप्रतिनिधिले महिलाहरूलाई जनही १० हजार रुपैयाँ उपलब्ध गराइने आश्वासन दिएपछि बैंकमा खाता खोल्न आउनेको संख्या ह्वात्तै बढेको हो । एनआईसी एसिया बैंक कटहरियाका शाखा प्रमुख चन्द्रिका चौधरीले मंगलवार मात्रै दर्जनौं महिलाहरूले नयाँ खाता खोल्न फाराम लगेको जानकारी दिएका छन् ।

उनका अनुसार, "भोलि नगरपालिका वा वडा कार्यालयबाट सम्बन्धित महिलाहरूको सिफारिस आएमा खाता खोल्ने प्रक्रिया अगाडि बढाइनेछ ।"

निर्वाचन नजिकिँदै जाँदा लक्षित समूह (महिला मतदाता) लाई केन्द्रमा राखेर नगद सहयोगको आश्वासनसहित बैंक खाता खोलाउने गतिविधि हुनु सामान्य संयोग मात्र हो कि मतदाता प्रभावित गर्ने रणनीति हो ? भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ ।

निर्वाचन आचारसंहिता अनुसार कुनै पनि उम्मेदवार वा जनप्रतिनिधिले मतदाता आकर्षित गर्न नगद, उपहार वा कुनै पनि किसिमको लाभ वितरण गर्न नपाउने स्पष्ट व्यवस्था छ । यस्तो गतिविधि प्रमाणित भएमा कानुनी कारबाही हुने प्रावधान समेत रहेको छ ।

स्थानीयस्तरमै फैलिएको यस किसिमको चर्चा र गतिविधिले निर्वाचनको स्वच्छता र निष्पक्षतामाथि प्रश्न उठाएको छ। यस विषयमा निर्वाचन आयोग, जिल्ला प्रशासन कार्यालय तथा सम्बन्धित निकायको तत्काल ध्यान जानु आवश्यक देखिन्छ ।

यदि समयमै निगरानी र छानबिन नगरिए निर्वाचनमा पैसाको प्रभाव बढ्ने र लोकतान्त्रिक अभ्यास कमजोर हुने जोखिम बढ्न सक्ने स्थानीय बुद्धिजीवीहरूको भनाइ छ ।

# विपन्नका लागि आएको कम्बल थन्कियो

**टुडे समाचारदाता**

वीरगञ्ज । बढ्दै गएको चिसाको मध्येनजर गरी गरीब तथा विपन्न असहाय वर्गको वितरणका लागि उपलब्ध गराइएको कम्बल जिल्ला प्रशासन कार्यालयमै थन्किएको छ ।

मधेस प्रदेश सरकार तथा वीरगञ्ज उद्योग वाणिज्य संघले कठ्याङ्ग्रिँदो चिसोबाट विपन्न वर्गको ज्यान जोगाउने उद्देश्यले उपलब्ध गराएको न्यानो कम्बल जिल्ला प्रशासन कार्यालयमै हप्तौंदेखि थन्किएको छ ।

तथ्य सार्वजनिक भएपछि प्रशासनप्रति तीव्र आलोचना हुन थालेको छ । कडा जाडोका कारण दैनिक जीवन नै कष्टकर बनेको अवस्थामा गरिब, असहाय, वृद्ध-वृद्धा र सडकमै जीवन बिताउन बाध्य वर्गका लागि तत्काल वितरण गरिनुपर्ने कम्बल समयमै नपुग्नु प्रशासनको गैरजिम्मेवारीपनको उदाहरण भएको स्थानीयको गुनासो छ ।

"जुन जोगी आए पनि कानै चिरेको" भन्ने उखानलाई चरितार्थ गर्दै सरकार फेरिए पनि प्रशासनिक उदासिनता नफेरिएको आरोप उठ्न थालेको छ ।

स्थानीय स्रोतका अनुसार मधेस प्रदेश सरकार र वीरगञ्ज उद्योग वाणिज्य संघले सामाजिक उत्तरदायित्व अन्तर्गत जिल्ला प्रशासन कार्यालय पर्सालाई विपन्न वर्गमा वितरण गर्न न्यानो कम्बल उपलब्ध गराएको थियो । तर ती कम्बल सम्बन्धित वडाहरू र लक्षित समुदायसम्म पुऱ्याउनुपर्ने साटो कार्यालयको गोदाममै थन्किएर बसेका छन् ।

चिसो दिनप्रतिदिन बढ्दै जाँदा कम्बल नपाएर थुप्रै असहाय नागरिक जोखिमपूर्ण अवस्थामा जीवन गुजार्न बाध्य छन् । यस विषयमा नागरिक समाज र सामाजिक अभियन्ताहरूले प्रशासनको कडा आलोचना गरेका छन् । उनीहरूका अनुसार प्राकृतिक विपत्ति, महामारी वा चिसो-तातो जस्ता मौसमी संकटमा नागरिकको जीवन रक्षा गर्नु राज्यको पहिलो दायित्व हो । तर प्रशासनिक ढिलासुस्ती र संवेदनहीनताका कारण राहत सामग्री समयमै वितरण नहुनु जनताप्रतिको स्पष्ट बेवास्ता हो । स्थानीय अगुवाहरू भन्छन्, "सरकारको नीति राम्रो भए पनि कार्यान्वयन गर्ने प्रशासन संवेदनशील नभएसम्म जनताले राहत पाउँदैनन्।" उनीहरूले तत्काल थन्किएका कम्बल वितरण गर्न र ढिलाइ हुनुको कारण सार्वजनिक गर्न प्रशासनसँग माग गरेका छन् ।

न्यानो कम्बल जस्तो आधारभूत राहत सामग्री कार्यालयमै थन्किनु केवल प्रशासनिक कमजोरी मात्र होइन, यो जनताको जीवन र सुरक्षाप्रति गरिएको गम्भीर उपेक्षा हो। अब पनि समयमै कदम नचालिए प्रशासनको यो उदासिनता जनआक्रोशमा रूपान्तरण हुने संकेत देखिन थालेका छन् ।

यस सन्दर्वमा पर्साका प्रमुख जिल्ला अधिकारी भोलासंग सम्पर्क गर्दा कम्बलहरु बितरण भइरहेको दाबी गरे । उनले भने, 'कम्बल बितरण भइरहेको छ ,हामी दुईसय कम्बल बितरण गरिसकेका छौं । वितरणकै क्रममा दुई समुदायको साम्प्रादियक विवादको तनावले गर्दा अलि ढिलो भएको हो बांकी रहेका सबै कम्पल तुरुन्तै वितरण गरिनेछ ।'

# मधेशको मुख्य न्यायधिवक्तामा डा. सिंह नियुक्त




**टुडे समाचारदाता**

जनकपुरधाम, । मधेश प्रदेशको मुख्य न्यायधिवक्ता पदमा डा. सुनील रञ्जन सिंह नियुक्त भएको छ ।

प्रदेश प्रमुख डा. सुरेन्द्र लाल कर्णले मुख्यमन्त्री कृष्ण प्रसाद यादवको सिफारिसमा नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम डा. सिंहलाई मुख्य न्यायाधीश पदमा नियुक्त गरेको हो । प्रदेश प्रमुखको कार्यालयले मंगलवार एक प्रेस विज्ञप्ति जारी गरी मुख्य न्यायधिवक्तामा डा. सिंहलाई आजकै मितिदेखि लागू हुने गरि नियुक्त गरिएको जनाएको छ ।

सर्लाही जिल्ला, ईश्वरपुर नगरपालिका-१४ निवासी डा. सुनील रञ्जन सिंहलाई मधेश प्रदेशको न्यायिक नेतृत्व सम्हाल्ने जिम्मेवारी प्रदान गरिएको कार्यालयले जनाएको छ ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८